# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनियमयको परम्परित माध्यम हो । जसको प्रयोग प्रचालित ध्वनि सङ्केत वा लिपि चिन्हद्वारा हुने गर्दछ । मानिसलाई आफ्ना विचारहरू परम्परामा आदान-प्रदान गर्नका लागि कुनै माध्यमको आवश्यक पर्ने भएकाले भाषालाई विचार विनिमयको माध्यमको रुपमा प्रयोग गरिन्छ । भाषिक सीपहरू बोध र अभिव्यक्तिसँग सम्बन्धित रहन्छन्। भाषिक सीपको विकास गर्ने कार्य भाषा पाठ्यपुस्तकमा रहेका अभ्यासहरूमा पाइन्छ । भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठको अध्ययन शब्दार्थ, विभिन्न प्रश्नहरू, विशेष ज्ञानका लागि दिइएका थप सन्दर्भ सामग्रीहरू पाठसँग सम्बन्धित सान्दर्भिक र सैद्धान्तिक कुराको थप ज्ञान, व्याकरणका प्रायोगिक पक्षहरू अभ्यासका रुपमा राखिएको पाइन्छ । भाषा पाठ्यपुस्तकमा प्रयुक्त तिनै अभ्यासहरूलाई नमुना अभ्यासको रुपमा लिने गरिन्छ । नमुना अभ्यासको विकासलाई केलाउँदा सर्वप्रथम भाषा पाठ्यपुस्तकको विकास भएको पाइन्छ र त्यस पश्चात मात्र नमुना अभ्यासको विकास सुरु भएको मानिन्छ । भाषिक सीप मध्ये सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासको मानव सभ्यताको शुरुवातसँगै भएको पाइन्छ भने पढाइ र लेखाइ सीपको विकास चाहि भाषा पाठ्यपुस्तकको विकाससँगै भएको पाइन्छ । पाठ्यक्रममा समावेश गरिएका विषय वस्तुहरूका आधारमा पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रमले तोके अनुसार विद्यार्थीहरूको क्षमता, रुचि, आवश्यकता, उपलब्ध शैक्षिक सामग्री, शिक्षण विधिहरू, विद्यार्थीहरूको क्षमता, रुचि, आवश्यकता, उपलब्ध शैक्षिक सामग्री, शिक्षण विधिहरू, विद्यार्थीहरूको मनोवैज्ञानिक पक्षलाई विचार पुऱ्याएर पाठ्यपुस्तक निर्माण गरिएको हुनु पर्ने सैद्धान्तिक मान्यता छ । पाठ्यपुस्तकमा प्रयुक्त भएका पाठहरूको आधारमा नमुना अभ्यास तयार गरिन्छ ।

अभ्यासको ऐतिहासिक विकासक्रमलाई पहिल्याउँदै जाँदा पाठ्यपुस्तक निर्माणको विकासक्रममा पुगिन्छ । पाठ्यपुस्तक सर्वप्रथम वि.सं. १९५८ मा देवशमशेरले स्थापना गरेको भाषा पाठ्शालाहरूमा शिक्षण गर्नको लागि जयपृथ्वी बहादुर सिंहले अक्षराङ्क शिक्षा नामक पहिलो भाषा पाठ्यपुस्तक तयार गरेका थिए (अधिकारी, २०७३ : ११) । त्यस्तै वि.सं. १९६० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापना पछि अझ सशक्त रुपमा

पाठ्यपुस्तकको विकास हुन थालेको पाइन्छ । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि नेपाली भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई थप सहयोग पुग्न थाल्यो । भाषा पाठ्यक्रम तथा भाषा पाठ्यपुस्तकको पूर्ण आकार भने राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) ले प्रदान गर्न थाले । विद्यालय शिक्षाको लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०३६ (संशोधन २०७१) ले गरेको माध्यमिक तहको शैक्षिक संरचनालाई राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०६९/०५/०८ को बैठकबाट पुन : संरचित गरी स्वीकृत भए अनुसार पाठ्यक्रम निर्माण भइ उक्त परिषदको मिति २०७१/०३/३१ को बैठकबाट माध्यमिक तहका अनिवार्य विषयका पाठ्यक्रम स्वीकृति भएको पाइन्छ । जुन विषयमा नेपाली पनि पर्दछ । यो विषय २०७३ देखि विद्यालयहरूमा लागु भएको छ । ( भूपाल र भट्ट, २०७३ : १६) ।

भाषा पाठ्यपुस्तक भाषिक व्यवहार कुशल ढङ्गले गर्न र भाषिक सीपहरूमा दक्षता प्राप्त गर्न निर्माण गरिएको हुन्छ । त्यसैले पाठ्यपुस्तक निर्माण गर्दा व्यवहारवादी र मनोवादी सिद्धान्तको प्रयोग गरिएको पाइन्छ । “भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने पाठ्यपुस्तक पाठ्यक्रमको सैद्धान्तिक कुरालाई व्यवहारिक क्रियाकलाप वा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुर्‍याउने भरपर्दो सामग्री बनेको पाइन्छ” (पौडेल, २०६९ : २०) भन्ने आधारले पनि पाठ्यपुस्तक प्रतिको व्यवहारवादी दर्शन प्रस्तुत गरेका छन् । सैद्धान्तिक विषयवस्तुलाई उतारिने भएकाले पाठ्यपुस्तक निर्माण कार्य तथा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यास व्यवहारवादी दर्शन र सैद्धान्तिक दृष्टिकोण दुवैमा आधारित रहेको पाइन्छ ।

सिद्धान्त अनुरूपको व्यवहार लागु गर्न एक कठिन कार्य हो । भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठको अध्ययनको अन्त्यमा नमुना अभ्यासहरू पाठ अनुसार फरक-फरक रुपमा प्रस्तुत गरिएको पाइन्छ । जसबाट पाठ्यक्रमले विद्यार्थीहरूका विविध भाषिक क्षमता अभिवृद्धि गर्ने र शब्द भण्डारको विकास गर्ने उद्देश्य राखिएको हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिनुपर्ने नमुना अभ्यास पाठ्यक्रमको उद्देश्य अनुरूप अभ्यासहरू उपयुक्त हुनु, अभ्यासहरू सरल देखि जटिलताको क्रममा हुनु, विषयवस्तुहरू विद्यार्थीहरूको रुचि, उमेर, क्षमतालाई समेट्न सक्ने खालका हुनु, समसामयिक किसिमका अभ्यासहरू राख्नु, भाषिक सीपहरू समान ढङ्गले सिकाउन सक्नु, विषय वस्तुहपरु सीपमुखी हुनु, प्रायोगिक पक्षमा

जोड दिनु नमुना अभ्यासहरूका विशेषताहरू हुन् । प्रस्तुत पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरूमा यी विशेषताहरू विद्यमान भए नभएको सम्बन्धमा अध्ययन भएको पाइदैन । तत्सन्दर्भमा प्रस्तुत शीर्षकको अध्ययन गर्न प्रयत्न गरिएको छ ।

भाषा पाठ्यक्रमको निर्माणको क्रममा सबै पाठहरूको प्रतिनिधित्व गर्न सक्ने किसिमको नमुना अभ्यास छनोट गर्नु वर्तमान अवस्थाको चुनौति मानिन्छ । भाषिक क्षमता अभिवृद्धि गर्न, बोध र अभिव्यक्ति क्षमताको विकास गर्न, नमुना अभ्यासमा प्रस्तुत भएका प्रश्नहरू समसामयिक बनाउने प्रयोग स्वरुप माध्यमिक तह (९-१२) “कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन” शीर्षक रहेको प्रस्तुत अध्ययन कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएको नमुना अभ्यासको शब्दार्थ, विधा, व्याकरण र भाषिक सीपमा आधारित भएर तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

कक्षा १० को पाठ्यक्रम समय अगावै परिवर्तन भएर २०७३ साल देखि लागू भइरहेको पाइन्छ । यहाँ २०६४ र २०७३ को भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, क्षेत्र र क्रम अनुसार छन् छैनन् नमुना अभ्यासहरू विधा अनुरूप छन् छैनन् विधाको प्रकृति अनुसार दुई समानान्तर पाठ्यपुस्तक भित्र समाविष्ट नमुना अभ्यासमा के के समानता र के के भिन्नता छन् नयाँ पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासहरू वर्तमान र समयानुकूल व्यवहारिक छन् छैनन् भाषा पाठ्यपुस्तक २०६४ भन्दा २०७३ कति स्तरीय छ भन्ने कुराको अध्ययन अत्यावश्यक रहेको छ । यस भन्दा अघि यस किसिमको अध्ययन नभएको हुनाले प्रस्तुत शीर्षकलाई समस्याको रुपमा ल्याइको छ ।

क) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा रहेका नमुना अभ्यासहरू के कस्ता छन् ?

ख) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासहरू के कस्ता छन् ?

ग) कक्षा १० का दुई भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूमा के कस्ता समानता र भिन्नता रहेका छन् ?

घ) नमुना अभ्यासहरूमा के कस्ता कमीकमजोरीहरू छन् ? र तिनको सुधारका लागि के कस्ता सुझावहरू दिन सकिन्छ ?

**१.३ अध्ययनको उद्देश्य**

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेक छ :

क) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासको विश्लेषण गर्नु ।

ख) दुवै पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षहरू केलाउनु,

ग) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा प्रस्तुत नमुना अभ्यासका कमी कमजोरीहरू औंल्याई सुधारको लागि सुझावहरू दिनु ।

**१.४ अनुसन्धानात्मक प्रश्नहरू**

यस शोधपत्रलाई तथ्यपूर्ण र व्यवहारिक बनाउन निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू रहेका छन् :

क) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा रहेको नमुना अभ्यासहरू के कस्ता छन् ?

ख) दुवै पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूमा के कस्ता सबल र दुर्बल पक्षहरू छन् ?

ग) दुवै भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूमा के कस्ता समानता र भिन्नता रहेका छन् ?

घ) कक्षा १० को नेपाली भाषा पाठ्पुस्तक २०७३ मा प्रस्तुत नमुना अभ्यासका कमी कमजोरीहरू के कस्ता रहेका छन् ?

## १.५ अध्ययनको महत्व

भाषा पाठ्यक्रमले भाषिक तथा व्यवहारिक सीप विकास गर्न पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू विद्यार्थीहरूको उमेर, रुचि, आवश्यकतालाई समेट्ने, विधा अनुरूप उपयुक्त, व्याकरण सम्बन्धी अभ्यासहरू समेटिएको, नमुना अभ्यासहरू विद्यार्थीहरूको लागि मार्गदर्शक हुनु जरुरी हुन्छ । खासगरी नमुना अभ्यासले सान्दर्भिकता, भाषा पाठ्यक्रमको उद्देश्यसँग तालमेल, मूल्याङ्कनमा नमुना अभ्यासले खेल्ने भुमिका लगायत पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासको शब्दभण्डार, विधा, भाषिक सीप र व्याकरणका विविध पक्षको अध्ययन गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

यस अध्ययनबाट पाठ्यक्रम र पाठ्यपुस्तक निर्मातालई आउदो दिनमा नमुना अभ्यासको माध्यमबाट पाठ्य सामग्री निर्माण गरी राखिएका अभ्यास कुन बढी उपयोगी, सान्दर्भिक र समसामयिक छन् भन्ने तथ्य पत्ता लगाउन सहयोग गर्दछ । यस किसिमको अध्ययनले भाषा पाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यास कसरी राख्नु उपयुक्त हुन्छ ? नमुना अभ्यासका सबल र दुर्बल पक्ष के कस्ता एवम् के कति हुन सक्छन भन्ने कुराको तुलनात्मक अध्ययन गरी नमुना अभ्यासका कमीकमजोरी सुधार गर्दै पाठ्यपुस्तकलाई समयानुकूल र सक्षम बनाउन महत्त्वपूर्ण सहयोग पुऱ्याउने भएकोले अध्ययनको महत्त्वउपयोगिता र फाइदा रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनबाट सर्वप्रथम भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण कर्तालाई आवश्यक पृष्ठपोषण प्रदान गरी पाठ्यक्रम विकास तथा निर्माण कार्यका कमी कमजोरीलाई मध्यनजर गर्दै आवश्यक सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यसैगरी त्यस कक्षामा अध्यापन गर्ने शिक्षक अध्ययनरत विद्यार्थीहरू तथा तिनका अभिभावक पनि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् । त्यसैगरी भावी अनुसन्धान कर्ताहरूलाई पनि यसले लाभ पुऱ्याउने अपेक्षा गरिएको छ ।

त्यसैले अध्ययनबाट विद्यार्थीहरूले उपयुक्त किसिमको भाषिक तथा व्यवहारिक प्रयोग गर्ने, व्याकरण सम्बन्धी सैद्धान्तिक एवम् प्रायोगिक ज्ञान प्राप्त गर्ने, भाषिक सामर्थ्य बढाउने, व्यवहारमा शिष्ट र मर्यादित भाषिक प्रयोग गर्न सहयोग पुग्ने हुँदा यो शोधकार्य महत्त्वपूर्ण रहेको छ । यस अनुसन्धानको शिक्षक विद्यार्थी, पाठ्यपुस्तक, लेखक, अध्ययन अनुसन्धानकर्ताका निम्ति उपयोगी हुने अपेक्षा गरिएको छ ।

## १.६ अध्ययनको परिसीमा

खोज तथा अध्ययन प्राविधिक कार्य भएकाले यो एक जटिल कार्य हो । अनुसन्धान मूलक कार्य प्राविधिक कार्य भएकाले अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्र र तहमा सीमित गर्नु पर्ने हुन्छ । यस अनुसन्धानलाई निम्नलिखित सीमामा रहेर अध्ययन गरिएको छ ।

क) प्रस्तुत अध्ययन कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट रहेका नमुना अभ्यासहरूमा मात्र सीमित रहेका छन्।

ख) दुवै भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन विश्लेषण मात्र गरिएको छ ।

ग) प्रस्तुत पाठ्यपुस्तकहरूमा समाविष्ट नमुना अभ्यासहरूमा देखिने सबल र दुर्बल पक्षहरू केलाउनमा मात्र यो शोधकार्य सीमित हुन्छ ।

यी बाहेकका कुराहरू प्रस्तुत शोधकार्यको सीमाका रूपमा रहेका छन् ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

भाषा सिकाइ सम्बन्धी व्याख्या, विश्लेषण गर्न दुई ओटा सिद्धान्त प्रतिपादन भएका छन् । भाषाको सिकाइसँगै सम्बन्धित यी दुई सिद्धान्तलाई भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको सिद्धान्त मानिन्छ । व्यवहारवादी सिद्धान्तको प्रतिपादन ब्लुमफिल्ड हुन् ।

व्यवहारवादी सिद्धान्तले उत्तेजना र प्रतिक्रियाको परिणाम स्वरुप भाषाको सिकाइ हुन्छ भन्ने ठान्दछन् । भाषा स्वत : प्राप्त हुने कुरा भएको हुँदा शिक्षकले कक्षाको वातावरणलाई विविध किसिमको क्रियाकलापद्वारा उद्दीप्त बनाउनुपर्छ (ढकाल, २०७० : ३८) । यस सिद्धान्त अनुसार भाषा पाठ्यक्रममा नमुना अभ्यासहरू भाषिक सीप सन्तुलन, मौखिक, लिखित र प्रयोगात्मक सबै प्रकारका अभ्यासहरूको सन्तुलन, निर्माणात्मक दुवै प्रकारका मूल्याङ्कनमा उपयोगी हुने खालका अभ्यास दिइएको र पाठको प्रयोजन र प्रकृति ख्याल गरी अभ्यासहरूको निर्माण गरिएको हुन्छ (पौड्ेल, २०६९ : २९५) भने उल्लेख गरिएको छ । अब्राहम नोम चम्स्कीद्वारा प्रतिपादन गरिएको भाषा सम्बन्धी अर्को सिद्धान्त मनोवादी सिद्धान्त हो । मनोवादीहरू भाषा सिक्ने मान्छेको जन्मजात गुण हो तर यसमा वैयक्तिक भिन्नता हुन्छ भन्दछन् । उमेरको वृद्धि जसरी सहज रुपमा हुन्छ, त्यसरी नै भाषाको सिकाइ पनि सहज रुपमा हुन्छ भन्ने कुरामा मनोवादी सिद्धान्त विश्वास गर्छ (ढकाल, २०७० : ४०) । यस सन्दर्भमा पाठ्यपुस्तकमा नमुना अभ्यासहरू समावेश गर्दा विद्यार्थीको उमेर, रुचि क्षमतालाई ध्यानमा राखेर छनोट गर्नु पर्ने आवश्यक देखिन्छ । दुर्व सिद्धान्तका सकारात्मक पक्षलाई सम्बन्धित गरी भाषा पाठ्यक्रम तथा पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा उपयुक्त विषयवस्तु छनोट गर्नु प्रभावकारी मानिन्छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षा विकास तथा अनुसन्धान केन्द्रका लागि शिक्षालाई जीवनोपयोगी बनाउे कारक तत्वहरू (२०४४) शीर्षकमा गरिएको एक अध्ययनमा नेपाली भाषाका प्राथमिक पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन भएको पाइन्छ । हेमाङ्गराज अधिकारीद्वारा गरिएको यस अध्ययनमा नमुना अभ्यासको बारेमा पनि सङ्क्षिप्त टिप्पणी गरिएको छ । यस अनुसार नमुना अभ्यासहरू उपयुक्त नभएको, विधा अनुरूप भाषिक सीपको सन्तुलन वितरण नभएको सिर्जनात्मक पक्षलाई भन्दा घोकाइमा जोड

दिएको हुँदा विषयवस्तुको अभ्यासलाई नै भाषिक पक्षको अभ्यास ठान्न नहुने निष्कर्ष निकालिएको छ ।

विद्यालय शिक्षालाई गुणस्तरीय बनाउने उद्घोषका साथ सुरु भएको आधारभूत तथा प्राथमिक परियोजना (१९९१-२०००) को गुरु योजनामा पाठ्यपुस्तका विभिन्न पक्षको समीक्षा गरेको पाइन्छ । नमुना अभ्यासको सङ्क्षिप्त वर्णन गरिएको प्रस्तुत शीर्षक प्राथमिक तहका पाठ्यपुस्तकमा आधारित छ । यसको निष्कर्ष नमुना अभ्यासहरू असन्तुलित रहेको, स्तर नमिलेको, कन्ठस्थ गर्ने किसिमका मात्र भएको, पाठ्यपुस्तकको उद्देश्यलाई समेट्ने गरी नराखिएको र सैद्धान्तिक पक्षलाई मात्र जोड दिने खालको भएको भनी आलोचनात्मक टिप्पणी गरेको पाइन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

कुनै अध्ययन अनुसन्धान गर्नु अघि सो विषयवस्तुसँग सम्बन्धित भएका कार्य तथा अध्ययन अनुसन्धानको अवलोकन गर्नु एकदमै महत्त्वपूर्ण कार्य हो ।

रिमाल (२०५३) द्वारा **माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा (९ र १०) मा प्रयुक्त नमुना अभ्यासको अध्ययन** शीर्षकमा गरिएको पाइन्छ । यसमा निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट विभिन्न प्रकारका अभ्यासहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनको निष्कर्ष सिद्धान्तबाट विमुख भई अध्येताको वैयत्तिक आग्रहमा आधारित रहेको भन्ने आरोप लगाएको भएतापनि यसले नमुना अभ्यासका क्षेत्रमा विद्यमान उल्लेखनीय कमी कमजोरीलाई देखाइएको पाइन्छ ।

दाहाल (२०५५) द्वारा **निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक अध्ययन** शीर्षकमा भएको शोधकार्यमा नि.मा.तहको नमुना अभ्यास व्यवहारिक नभएको, व्याकरणिक अभ्यासको श्रृङ्खला टुटेको, व्याकरणसम्बन्धी अभ्यासहरू पर्याप्त नभएको, केही अभ्यासहरू विद्यार्थीको क्षमता भन्दा उच्च रहेको, छनोट र स्तरणको ख्याल नभएको निष्कर्ष निकालिएको छ । यस अध्ययनमा भाषा विषयका नमुना अभ्यासहरू भाषिक सीप विकासका लागि उपयुक्त हुनुपर्ने विद्यार्थीको स्तर र क्षमतालाई ध्यान दिनुपर्ने कुराको सुझाव प्रस्तुत गरिएको छ ।

ठकुरी (२०६१) द्वारा **हाम्रो नेपाली माला कक्षा ६ नमुना अभ्यासको तुलनात्मक अध्ययन** शीर्षकमा शोध कार्य भएको पाइन्छ । उक्त अध्ययन मूलत : गुणत्मक ढाँचाको पुस्तकालयीय विधि र पाठ्यपुस्तक विधिमा केन्द्रित रहेको छ । यस शोधले भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास उपयुक्त हुनपर्ने कुरा उल्लेख गरेको छ । यस अध्ययनले नमुना अभ्यासहरू भाषिक सीप विकासको लागि महत्त्वपूर्ण हुने भएकाले विविधतापूर्ण हुनुपर्ने र सबै प्रकारका अभ्यासहरू समावेश हुनुपर्ने कुराको सुझाव प्रस्तुत गरिएको छ ।

खनाल (२०६३) द्वारा **प्राथमिक तह कक्षा तीनको मेरो नेपाली किताब २०६३ मा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन** ले विधा अनुरूप अभ्यासहरू नभएको सबै भाषिक सीप विकासमा नमुना अभ्यासहरू समानुपातिक र सुहाउँदा नभएका, नमुना अभ्यासहरू सरलबाट जटिलको क्रम नमिलाइएको कुराको निचोड यसमा पाउन सकिन्छ । यसमा व्याकरणगत अभ्यासहरू पाठ्यक्रमले तोके अनुरूप नभएको कुरा समेत उल्लेख गरी सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ ।

ढकाल (२०७२) द्वारा **कक्षा ६ हाम्रो नेपाली किताब' र नेपालीका नमुना अभ्यासको तुलनात्मक अध्ययन** शीर्षकमा शोधपत्र तयारी पारेको पाइन्छ । प्रस्तुत शोधपत्रमा कक्षा ६ को 'हाम्रो नेपाली किताब' र नेपाली किताबमा रहेका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यस अध्ययनमा मोरङ जिल्लाका ३ ओटा विद्यालयबाट विषय शिक्षकलाई प्रतिनिधि रुपमा लिई सामग्री सङ्कलन गरी सङ्कलित तथ्यलाई विश्लेषण गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । दुवै पाठ्यपुस्तकमा भाषिक सीप विकास गराउने खालका अभ्यासहरू नराखिएको निष्कर्ष निकालिएको छ ।

त्रिपाठी (२०७३) द्वारा **कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन** शीर्षकमा शोध कार्य भएको पाइन्छ । यस शीर्षकमा समावेश नमुना अभ्यासहरू शब्दार्थ केन्द्रित, विधा केन्द्रित, व्याकरण केन्द्रित, भाषिक सीप केन्द्रित आधारमा सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । दुवै पाठ्यपुस्तकमा नमुना अभ्यासहरू भाषिक सीप विकासको लागि महत्त्वपूर्ण हुने भएकाले विविधतापूर्ण हुनुपर्ने र सबै प्रकारका अभ्यासहरू समावेश हुनुपर्ने कुराको सुझाव प्रस्तुत गरिएको छ ।


प्रस्तुत शोध शीर्षकहरूलाई केलाएर हेर्दा नमुना अभ्याससम्बन्धी शोधकार्य परिमाणात्मक रुपामा धेरै भएतापनि गुणात्मक रुपमा भने कम मात्रामा भएको पाइयो । सबै अनुसन्धान कर्ताहरूले मिल्दो जुल्दो र एउटै विषयमा फरक फरक कोणबाट अध्ययन अनुसन्धान गर्ने कार्य भएको पाइन्छ । नमुना अभ्यासहरूको तुलनात्मक कार्यले पाठ्यक्रम र पाठ्यपुस्तकको परिस्कार र परिमार्जन कार्य गर्न समेत महŒवपूर्ण महत्त्वपूर्ण योगदान पुऱ्याउने कुरा बभ्न सकिन्छ । यस शोधकार्यमा हालसम्म भएको अध्ययन अनुसन्धानलाई अभ्र विस्तृत पार्दै कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्ने काम गरिएको छ । यस कार्यले पाठ्यपुस्तक लेखक, अनुसन्धानकर्ता र सरोकारवाला व्यक्ति वा संस्थाहरूलाई सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## २.३ पुनरवलोकनको उपादेयता

माथि प्रस्तुत गरिएको सम्बन्धित साहित्यको पुनरवलोकले यस अध्ययनको उद्देश्य निर्माणमा निर्देश गरेको छ । यस कार्यले यो भन्दा अघि कुन कुन विषयमा के कति आधारमा अध्ययन गरिएको छ भन्ने कुरा अवगत गराई यस अध्ययनको क्षेत्र र आधार तय गर्न सहयोग प्राप्त भएको छ । यस अध्ययन नमुना अभ्याससँग सम्बन्धित रहेकाले यस प्रस्तावना निर्माण गर्न नमुना अभ्यासका अध्ययनहरूमा शब्द भण्डारको वितरण, अभ्यासको तहगत विवरण, भाषिक सीपका आधारमा नमुना अभ्यासका वितरण शब्दार्थ आदिको तुलनात्मक अध्ययन गर्ने तरिका समेत प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

नमुना अभ्याससँग सम्बन्धित अध्ययन कार्य धेरै सङ्ख्यामा भएको पाइदैन । कक्षा १० र अन्य तहको पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासको अध्ययन नभएको अवस्था भने छैन । यद्यपि यी अध्ययनलाई मात्र पर्याप्त मान्न सकिदैन । उक्त अध्ययन २०७१ सालमा पाठ्यक्रम परिवर्तन भई २०७३ सालको शैक्षिक सत्र देखि पठनपाठन भइरहेको नेपाली पाठ्यपुस्तकामा समावेश नमुना अभ्यास र अघि ाागु भएको पुस्तक २०६४ मा समावेश नमुना अभ्यासको उपयुक्तता, सान्दर्भिकता, कमी कमजोरीसँग सम्बन्धित तुलनात्मक अध्ययन यस तहमा तत्कालिन समयमा भएको पाइँदैन । त्यसकारण प्रस्तुत शीर्षकमा शोधकार्य गर्नु उपयुक्त हुने अपेक्षा गरिन्छ । यस अध्ययनबाट आगामी दिनमा प्राप्त निष्कर्ष र सुझावलाई मध्यनजर गर्दै कमी कमजोरी सुधार गर्न आवश्यक सहयोग पुग्दछ ।

२.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा




माथि प्रस्तुत गरिएको चित्रात्मक ढाँचाबाट प्रस्तुत शीर्षकमा गरिने अध्ययनको छोटो रुपरेखा स्पष्ट देख्न सकिन्छ । प्रस्तुत ढाँचा अनुसार कक्षा १० को भाषा पाठ्यक्रमको अध्ययन गरिएको छ । यस पश्चात नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७३ मा समावेश नमुना अभ्यासहरू शब्दार्थ केन्द्रित, विधा केन्द्रित, व्याकरण केन्द्रित, भाषिक सीप केन्द्रित आधारमा सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको र तुलनात्मक अध्ययन गरिएको छ । अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा आवश्यक सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन शीर्षक रहेको र यस अध्ययनलाई मिश्रित ढाँचाको प्रयोग गरिएको छ । अध्ययन विश्लेषणका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ । अनुसन्धानको प्रस्तुतीकरण विश्लेषणात्मक, वर्णनात्मक वर्गीकरण, तालिकीकरण, प्रतिशताङ्क आदि प्रक्रियाद्वारा प्रतिवेदनको ढाँचामा पुगेको छ ।

## ३.२ अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययन कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ । पाठ्यपुस्तक भित्र रहेका नमुना अभ्यासलाई विषयवस्तु बनाएर अनुसन्धान गरिएको छ । नमुना अभ्यासलाई सीप, तह, तुलना र विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस शोधकार्यलाई प्रभावकारी तरिकाले अध्ययन विश्लेषण गरी निष्कर्ष पुग्न पुस्तकालय अध्ययन र पाठ्यपुस्तक विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि प्राथमिक स्रोतका रुपमा कक्षा १० को नेपाली भाषा पाठ्यक्रम र नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७३ लाई लिइएको छ । त्यसैगरी गौण सामग्रीका रुपमा अप्रकाशित शोधपत्रहरू, विभिन्न पुस्तकहरू, अन्य व्यक्तिहरूका सल्लाह, सुझावहरूलाई लिइएको छ ।

## ३.४ तथ्याङ्कको सङ्कलन प्रक्रिया

यस अध्ययनको तथ्याङ्क सङ्कलका लागि सम्बन्धित विषयको पाठ्यक्रम, पाठ्यपुस्तक, शोधग्रन्धहरूलाई प्रयोजनमा ल्याइएको छ । पुस्तकालयीय विधिको प्रयोग गरिएको हुनाले पुस्तकालयमा गई आवश्यक सामग्री सङ्कलन गरिएको छ । माध्यमिक तहको पाठ्यक्रम, पाठ्यपुस्तक सम्बन्धी विभिन्न शोधहरूका माध्यमबाट तथ्याङ्क सङ्कलन शोध कार्य गरिएको छ ।

## ३.५ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययन कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ । यस क्रममा कक्षा १० को नेपाली पाठ्यक्रम, पाठ्यपुस्तक २०६४ र २०७३, शोध पत्रहरू तथा अन्य पुस्तकको अध्ययन गरिने छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण र प्रतिशताङ्क प्रयोग गरी विश्लेषण गरिनेछ । सङ्ख्या र प्रतिशाताङ्क प्रयोग गरी वर्णनात्मक र व्याख्यात्मक विधिको माध्यमबाट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

नेपाली भाषा बहुभाषिक नेपाली समाजको सम्पर्क भाषा हो । नेपालको पठनपाठन, सामाजिक साँस्कृतिक व्यहार, अन्तर भााषिक व्यवहार, सञ्चार, प्रशासन, प्रविधि तथा मौखिक र लिखित व्यवहारको प्रमुख माध्यम नेपाली तथा नेपाली मूलका भाषाभाषी पनि यही भाषा प्रयोग गर्छन् । नेपाली भाषा नेपालको राष्ट्र भाषा एवम् सरकारी कामकाजको भाषा हुनका साथै सम्पूर्ण नेपालीको साझा सम्पर्कको भाषा भएकाले यसको महत्त्वअधिक रहेको छ । राष्ट्र भाषाको रुपमा नेपाली भाषा विद्यालय स्तरदेखि विश्व विद्यालय स्तर वा अनुसन्धान तहसम्म पठनपाठन हुने गर्दछ । विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य रुपमा पठनपाठन हुने यस विषयलाई व्यवहारिक एवम् प्रभावकारी ढङ्गले सिकाइ गर्नु आवश्यक छ । कक्षा १० माध्यमिक तहको दोस्रो खुट्किलो पनि हो । यस कक्षामा कविता, कथा, निवन्ध, जीवनी, संवाद, दैनिकी वक्तृता र निवेदन जस्ता विषयहरू समावेश गरिएको छ । कार्यमूलक व्याकरणलाई समावेश गरिएको छ । कार्यमूलक व्याकरणलाई समावेश गर्नुको उद्देश्य पाठको प्रकृति अनुसारको व्याकरण तत्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमताको विकास गराउनु हो । विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक गरी दुई किसिमका हुन्छन् । कक्षा शिक्षणको क्रममा निरन्तर गरिने मूल्याङ्कनलाई निर्माणात्मक र अन्तिम परीक्षालाई निर्णयात्मक दुवै रुपमा प्रयोग गरिन्छ । मूल्याङ्कन प्रक्रियाले भाषाका ४ वटा सीपहरू मध्ये सुनाइ र बोलाइ सीप मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिन्छ ।

विद्यार्थीहरूको आवश्यकतालाई हेरेर शिक्षकले उपयुक्त मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्दछ । विशेष सिकाइ आवश्यकता भएका र अपाङ्गता भएका विद्यार्थीहरूका लागि उपयुक्त मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने कुरा पाठ्यक्रमले उल्लेख गरेको छ । माध्यमिक तह कक्षा १० मा सुनाइ र बोलाइका लागि २५% प्रयोगात्मक मूल्याङ्कन तथा ७५% पढाइ र लेखाइको मूल्याङ्कनको व्यवस्था गरेको छ । १०० घण्टा र ७५ पूर्णाङ्कको सैद्धान्तिक परीक्षाका लागि २ घण्टा १५ मिनेट निर्धारण गरिएको छ । सैद्धान्तिक परीक्षाको उर्तीणाङ्क ३२% र प्रयोगात्मक परीक्षाको उतीर्णङ्क ४०% हुने व्यवस्था पाठ्यक्रमले गरेको छ । एक शैक्षिक वर्षमा कम्तिमा २२० दिन पठनपाठन सञ्चालन हुनेछ । साधारण तर्फ

माध्यमिक तह (कक्षा ९-१०) मा साप्ताहिक ४० घण्टी (३० घण्टा) र बार्षिक ३२ हप्ता अर्थात ९६० घण्टा (६४ केडिट आवर) पठनपाठन हुनेछ। यस तहका लागि ४५ मिनेटको १ घण्टी हुनेछ । कक्षा १० को पाठ्यक्रममा पठनपाठनका लागि बार्षिक ९६० घण्टा र मूल्याङ्कनका लागि १०४ घण्टा गरी जम्मा १०६४ घण्टा पाठ्भार निर्धारण गरिएको छ।

कक्षा ९-१० लाई वर्तमान शिक्षा नीति अनुरूप माध्यमिक तह मानिएको पाईन्छ। माध्यमिक तहमा भाषा शिक्षण गर्नुको उद्देश्य विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक सरकारको भावना पैदा गराई नैतिकवान, अनुशासित र स्वालम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सीपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसंख्या सम्बन्धी ज्ञान र जीवनोपयोगी सीपको विकास गराउनु जरुरी छ। समतामूलक समाजको निर्माणमा सहयोग पु¥याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, सँस्कृति र क्षेत्रप्रति सद्भाव जोगाउनु र मानव अधिकार तथा सामाजिक मुख्य मान्यताप्रति सचेत भई जिम्मेवारी पूर्ण आचारणको विकास गराउनु पनि आजको आवश्यकता वनेको छ।

भाषा पाठ्यपुस्तकमा अभ्यास योजनाको महत्त्वपूर्ण भूमिका हुन्छ । हरेक पाठको पाठ्यांश सकिए पछि अनिवार्य रुपमा स्तरयुक्त अभ्यासहरू समावेश गरिएको हुन्छ। पाठको प्रकृति अनुरूप अभ्यासहरू सरल देखि जटिल, विविधतापूर्ण, पाठ्यक्रमको अपेक्षा अनुरूप र प्रकृति विद्यार्थी क्षमता, आवश्यकता र रुचि अनुकूल हुनुपर्छ। विद्यार्थीको कक्षा र स्वर हेरी पहिला मौखिक, त्यसपछि लिखित र प्रयोगात्मक अभ्यासहरूलाई क्रमबद्ध बनाई समावेश गर्नुपर्दछ। अभ्यासका प्रश्नहरू वस्तुगत, विषयगत सबै प्रकारका सीप सन्तुलनयुक्त तथा व्याकरणात्मक ज्ञान र सीपसँग पनि सम्बन्धित हुनुपर्दछ। पाठ्यपुस्तकमा नमुना अभ्यासको प्रारम्भिक खण्डमा शब्दार्थ रहेको छ। विद्यार्थीको स्तर अनुरूप कठिन मानिएका शब्दलाई प्रत्येक पाठको अन्त्यमा र प्रत्येक पृष्ठको अन्त्यमा प्रस्तुत गरिएको छ । यसो गर्दा विद्यार्थीलाई शब्दलाई, पर्यायवाची, अनुकरणात्मक, श्रुतिसमभिनार्थक र उखानटुक्का आदिमा वर्गीकरण गरिएको छ।

**नेपाली भाषा पाठ्यपुस्तक '२०६४'**

पर्यायवाची : सुवास-वास्ना, सुगन्ध (नेपाली : ४८)

विपरीतार्थक : सुख-दुख (नेपाली : ९३)

श्रृति समभिन्नार्थक : साल-साल (नेपाली : १५३)

प्राविधिक/पारिभाषिक औपनिवेशिक : शक्तिशाली देशले अर्को देशमा जमाउने अधिपत्य, उपनिवेश सम्बन्धी (नेपाली : ८९)

उखान टुक्का : शिरमा कसिङगर हालिदिनु : दुरपयोग गर्नु (नेपाली : १५०)

अनुकरणात्मक : साजबाज : विभिन्न शृङ्गार सामग्री (नेपाली : १६)

**नेपाली भाषा पाठ्यपुस्तक '२०७३'**

पर्यायवाची : आँखा- नयन, नेत्र, यक्षु (नेपाली :४७)

विपरीतार्थक : दुर्गम : सुगम (नेपाली : १५)

श्रृति समभिन्नार्थक : कल-कल (नेपाली : ७०)

प्राविधिक/पारिभाषिक : कीटनाशक-किरा नाश गर्ने (नेपाली : ८०)

अनुकरणात्मक :

पाठमा प्रयुक्त अन्य अभ्यासहरूको व्याख्या तथा विश्लेषण गर्दा विद्यमान विषयवस्तु अन्तर्गत दिइएका अभ्यास भाषिक सीपसँग सम्बन्धित अभ्यास, व्याकरणसँगै सम्बन्धित अभ्यास र शब्दभण्डारसँग सम्बन्धित अभ्यासको छुट्टाछुटै शीर्षक एवम् उप-शीर्षकमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

विद्यागत विषयवस्तुमा आधारित अभ्यास खण्डको विश्लेषण गर्दा प्रश्नको तहमा बोध, प्रयोग, उच्च दक्षता र सिर्जनात्मक अभ्यास जस्ता कुरालाई आधार बनाइएको छ । पाठमा दिइएका विषयवस्तु राम्रोसँग अध्ययन गरी उत्तर दिनुपर्ने खालका अभ्यासलाई बोधात्मक प्रश्न अन्तर्गत राखिएको छ । यसबाट विद्यार्थीहरूमा बुझेर पढ्ने बानीको विकास हुन्छ ।

**नेपाली भाषा पाठ्यपुस्तक '२०६४'**

- मुरलीधरले आफ्नो कर्तव्य कसरी निर्वाह गरे ? (नेपाली : १६)

- केशवराजले जर्साबको मोटरको नम्बर पढ्न नसक्नुको कारण के थियो ? (नेपाली : ५९)
- 'बैशाख' कवितामा प्रकृतिको कस्तो वर्णन पाइन्छ ? (नेपाली : ५०)

**नेपाली भाषा पाठ्यपुस्तक '२०७३'**

- बर्षाको समयमा मानव मनमा कस्तो बाढी आउँछ ? (नेपाली : ७४)
- लालले कसरी लक्ष्मी पुजा सम्पन्न गर्‍यो ? (नेपाली : ११२)
- नेपालमा सबै नेपालीले भुँडीपुजाको सौभाग्य कहिले पाउलान् ? (नेपाली : १३२)

नमुना अभ्यासको व्याख्या तथा विश्लेषणलाई प्रयोगात्मक प्रश्नका आधारमा पनि विश्लेषण गरिएको छ । प्रयोगात्मक प्रश्नहरू पनि विषयगत र वस्तुगत गरी दुई किसिमका हुन्छन् । उदाहरणको रुपमा ठीक/बेठीक छुट्याउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने र बहुवैकल्पिक आदि प्रश्नलाई लिन सकिन्छ । यस्ता प्रकारका प्रश्नको समाधान विद्यार्थीले प्रयोगात्मक रुपले गर्नुपर्ने हुन्छ । यस्तो अभ्यासबाट विद्यार्थीमा खोजेर पढ्ने बानीको विकास गर्ने लक्ष्य राखिएको हुन्छ ।

क) ठीक/बेठीक छुट्याउने प्रश्न

१. रामुले हरेक महिनाको तलव साठी रुपैँया थाप्ने गर्थे । (नेपाली २०७४ : ६४)

२. रामुको बाल्यकालको कल्पना गर्न नपाउँदा शोभाले आँचलका छेउले आँशु पुछिन् (नेपाली २०७४ : ६४)

३. बर्षालाई लाखौ मोती लुङ नपहिरी चित्त बुझ्दैन । (नेपाली २०७४ : ७४)

४. विज्ञानले सत्य र तथ्यमा आधारित प्रमाणित कुरामा विश्वास गर्दैन । (नेपाली २०७४ : ८४)

ख) पाठ अनुसार ठीक शब्द राखेर खाली ठाउँ भर्नुहोस् :

१. वर्षा कविताको लेखक ……………… को हुन् ।

(लक्ष्मी प्रसाद देवकोटा, मोतिराम भट, सिद्धिचरण श्रेष्ठ) (नेपाली २०७४ : ७०)

२. लक्ष्मी पुजाको लागि चाहिने सामान ...................... हुन् ।

(अविर फूल, फलफूल, चामल) (नेपाली २०७४ : ११२)

३. बसन्त ऋतुले विशाल ..................... मा सौन्दर्य छर्दछ ।

(आकाश, समुद्र, विश्व) (नेपाली २०६४ : ३)

४. ब्राहमणहरू ............. पाठ गरिरहेका थिए ।

(गीता, शिवस्तुति, रामायण) (नेपाली २०६४ : १११)

ग) जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| शिरीषको फूल | आमा |
| छुकुडोल्मा | विश्वविद्यालय |
| मेरिल्याड | लामाले राखेको नाउँ |
| राथ्राइरिज | उपन्यास |
| अमृत मोक्तान | कथा सङ्ग्रह |

(नेपाली २०६४ : ५३)

प्रयोगात्मक तर्फ विद्यार्थीहरूलाई व्याकरणिक नियम तथा अभ्यासको प्रयोग गरी देखाउन भन्ने प्रकारका प्रश्नहरू समावेश गरिएका छन् । यस अन्तर्गत खाली ठाउँ भर्ने, जोडा मिलाउने, वाक्यमा प्रयोग गर्ने जस्ता प्रश्नहरू समावेश गरिएको छ । जस्तै :

क) तलका संयोजक र नामयोगी शब्द राखेर वाक्य निर्माण गर्नुहोस् :

संयोजक : र, अनि, कि, तर किनभने, वा, अथवा

नामयोगी : तिर, सम्म, माथि, तर्फ, सित, भित्र, नजिक, पछि, मुन्तिर ।

ख) वाक्यमा प्रयोग गर्नुहोस् :

यथाशीघ्र (४) भुक्तानी, पेस्की, रकम विल  (नेपाली २०६४ : ७४)

(क) धातु र संकेतका आधारमा खाली ठाउँ भर्नुहोस् ।

१) तिमि र म सँगै ................ । (जा : अपूर्ण भविष्यत)

२) आमाले मिठो कथा .................... । भन् : अपूर्ण भूत)

३) अर्जुन परीक्षामा प्रथम ............... । (हु : अपूर्ण वर्तमान)

४) रिमलाले नयाँ किताब .......... । (पढ् : अपूर्ण भविश्यत)

५) विजय रमाइलो कथा ..................। (भन् : अपूर्ण भूत) (नेपाली २०७३ : ६८)

विद्यागत विषयवस्तुमा आधारित अभ्यासमा उच्च दक्षता तहका प्रश्नहरूपनि समावेश गरिएका छन् । उच्चदक्षता अभ्यासका माध्यमबाट विद्यार्थीहरूमा सिर्जनशील बानीको विकास गराउन सकिन्छ । यसमा स्वतन्त्र लेखन किसिमका प्रश्नहरू समावेश गरिएको पाइन्छ । जस्तै :

१) यदि जर्सावले केशवराजलाई माफी नदिएका भए कथाको अन्त्य कसरी गरिन्थ्यो होला ? यसबारे सम्भावित घटनाको कल्पना गरी कक्षामा सामूहिक रुपमा छलफल गरी निष्कर्ष निकाल्नुहोस् । (नेपाली २०६४ : ६१)

२) विवाहपछि महिलाले आफ्नो पतिको थर लेख्ने चलन छ । क्लाराले पनि विवाहपछि आफ्नो नामका पछि जेटकिन भन्न र लेख्न थालिन र त्यही नाम नै उनको प्रसिद्ध भयो । यसरी विवाह पछि पतिको थर राख्ने चलन तपाईलाई कस्तो लाग्छ ? कक्षामा छलफल गर्नुहोस् र छलफलको निष्कर्षलाई कक्षामा प्रस्तुत गर्नुहोस् । (नेपाली २०७३ : १२१)

विद्यागत विषयवस्तुमा आधारित अभ्यासमा आफै सिर्जना गर्ने र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्नका लागि यस्ता सिर्जनात्मक प्रश्नहरू प्रत्येक पाठै पिच्छे छुट्टै सिर्जनात्मक अभ्यास भनी समावेश गरिएका छन यस्ता प्रकारका प्रश्नले विद्यार्थीमा भएको लेखनकला परीक्षण गर्न सहयोग पुग्दछ । जस्तै :

१) तपाई बसेको समाजको एकजना अत्यन्त कन्जुस मानिसको व्यवहार र क्रियाकलाप चित्रण गर्दै एउटा व्याङ्ग्य लेख् तयार पार्नुहोस् । (नेपाली २०६४ : २५)

२) विपक्षीमतको खण्डन गर्दै 'शस्त्र वल भन्दा नैतिक वल नै ठूलो' भन्ने वादविवादको शीर्षकमा पक्षको तर्फबाट आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(नेपाली २०६४ : ९३)

३) आफू जन्मिएको ठाउँ छाडेर अनेत्र पढन जानुपर्दा अघिल्लो रात मनमा उब्जेका भावनाहरू समेटिएको एक मनोवाद लेख्नुहोस् । (नेपाली २०७३ : ४३)

४) तपाईले मनाउने कुनै एक साँस्कृतिक पर्वको वारेमा २०० शब्द सम्मको निवन्ध लेख्नुहोस् । (नेपाली २०७३ : ८८)

व्याकरणिक अभ्यासमा समावेश भएका समस्यामुलक प्रश्नहरूलाई निर्देशनका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद आदि पाठबाट पहिचान गर्न लगाउने खालका प्रश्नहरू पहिचानात्मक नमुना प्रश्नहरू हुन् । यस्ता प्रश्नहरू पनि अभ्यास खण्डमा समावेश गरिएको छ । जस्तै :

१) पाठको चौथो अनुच्छेदबाट दीर्घ 'इकार' (७) भएका शब्दहरू टिपी तिनको शब्द छुट्याउनुहोस् । (नेपाली २०६४ : २१)

२) सामान्य भूतकालका क्रियापदको प्रयोग गरी कुनै एक ठाउँको वर्णन गर्दै एक अनुच्छेद लेख्नुहोस् । (नेपाली २०६४ : ३५)

३) समूह समूह बनाई पाठबाट विशेषण शब्दहरू छान्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस ।

(नेपाली २०७३ : ८५)

भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभई विषय वस्तुको माध्यमबाट भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को सीप हो । शिक्षण हो । त्यसैले नमुना अभ्यासमा समावेश भएका प्रश्नहरूले यी चार सीपहरू मध्ये कुनै एक सीप विकासमा आवश्यक जोड दिएको हुन्छ । जस्तै :

१) 'प्रश्नोत्तर' कविता गति यति र लय मिलाएर वाचन गर्नुहोस् । (नेपाली २०६४ : ३)

२) तल दिइएका शब्दहरूको उच्चारण गर्नुहोस् :

उधारो, तन्द्राङतुन्द्रुङ, तात्तालो, थोत्रो निष्क्रियता, बिउँझदा, मनोवृति, शिरोधार्य श्राहद, सँस्कृति (नेपाली २०६४ : २४)

३) तलको अनुच्छेदमा भएका गल्ति सच्याउनुहोस् ।

बहिनी बिहानै उठ्छन् । भाइपनि बिहानै उठ्छीन् । म र दिदि पनि बिहानै उठ्छु आमा र काकी त अझ विहानै उठ्छे । हामी उठ्दा बुबा विहानी भ्रमणमा निस्कि सकेकी हुन्छिन् । वेलुका चाँडै सुत्ने र विहान चाँडै उठ्ने हाम्रो वानी हुनुहुन्छ । हाम्रो यस्तो वानीलाई छिमेकीहरू पनि हाम्रै वानीको अनुसरण गर्न थालेको छु । (नेपाली २०७३ : ११३)

४) तलका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

एकाकार, उन्मुख, हाउगुजी, सापेक्षता पहिचान, वाङ्मय, अनुसरण, तिलक

(नेपाली २०७३ : ८५)

५) 'वर्षा' कविता सुनेर त्यसै अनुसार पालैपालो वाचन गर्नुहोस् । (नेपाली २०७३ : ७०)

### ४.२ कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) मा रहेका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण :

माध्यमिक तहको कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) पुरानो नेपाली पाठ्यपुस्तक हो । यो पुस्तक सम्पूर्ण सरकारी र संस्थागत दुवै विद्यालयहरूमा प्रयोग भएको पाइन्थ्यो तर हाल आएर २०७१ साल देखि माध्यमिक शिक्षा पाठ्यक्रम परिवर्तन भई नेपाली कक्षा १० शीर्षकमा कक्षा १० को नयाँ पाठ्यपुस्तक वि.सं. २०७३ सालदेखि विद्यालयमा लागु भएको छ । यहाँ 'नेपाली भाषा पाठ्यपुस्तक (२०६४)' मा भएका नमुना अभ्यासको विश्लेषण निम्न ढङ्गले गरिएको छ ।

#### ४.२.१ शब्दार्थको व्याख्या तथा विश्लेषण :

कक्षा १० को 'नेपाली' भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू रहेका छन् । त्यी प्रत्येक विधाका पाठहरूमा विद्यार्थीहरूलाई कठिन लाग्ने वा बुझ्न गाह्रो हुने खालका शब्दहरूलाई गाढा अक्षरले संकेत गर्दै पाठको अन्त्यमा यस्ता कठिन शब्दहरूको अर्थ स्पष्ट हुनको लागि शब्दार्थ सूची राखिएको छ । जसमा पारिभाषिक/प्राविधिक, पर्यावाची, अनुकरणात्मक,

विपरीतार्थक, अनेकार्थक, उखानटुक्का र श्रुतिसमभिनार्थक शब्दहरू समावेश भएका छन् । ती शब्दहरूलाई उदाहरण सहित निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

पर्यायवाची शब्द : सुवास-वासना-सुगन्ध

विपरितार्थक शब्द : वियोग-संयोग

पारिभाषिक/प्राविधिक शब्द :

औपनिवेशिक-शक्तिशालि देशले अर्को देशमा जमाउने अधिपत्थ ।

उखानटुक्का : शिरमा कसिङ्गर हालिदिनु दुरुपयोग गर्नु ।

अनुकरणात्मक शब्द : साजवाज-विभिन्न शृङ्गार सामग्री

पाठ्यपुस्तकमा भएका कठिन शब्दको विवरणलाई निम्नानुसार वर्गिकरण गरी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**कठिन शब्दको अर्थको प्रस्तुतिकरण विवरण :**

| क.सं. | शब्दको किसिम | शब्द संख्या | प्रतिशत | |
|---|---|---|---|---|
| १ | पारिभाषिक/प्राविधिक | १२९ | ३४.८० | |
| २ | पर्यायवाची | ३१२ | ५७.४७ | |
| ३ | अनेकार्थी | १८ | ३.३२ | |
| ४ | विपरीतार्थक | ६ | १.१० | |
| ५ | अनुकरणात्मक | २ | ०.३७ | |
| ६ | उखान टुक्का | ९ | १.६५ | |
| ७ | श्रुतिसमभिनार्थक | ७ | १.२८ | |
| | जम्मा | ५४३ | १०० | |

माथिको तालिका अनुसार कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा समावेश भएका कठिन शब्दहरूको विश्लेषण गर्नुपर्दा १६ वटा पाठशीर्षकमा ५४३ वटा कठिन शब्द र तिनका अर्थहरू समावेश भएका छन् । यी शब्दहरूलाई पनि

पारिभाषिक/प्राविधिक, पर्यायवाची अनेकार्थी, विपरीतार्थक, अनुकरणात्मक उखानटुक्का र श्रुतिसमभिनार्थक गरी समूहमा विभाजन गरेर हेर्दा पर्यायवाची शब्द सबैभन्दा बढी ३१२ वटा अर्थात ५७.४७%, पारिभाषिक/प्राविधिक शब्द १८९ अर्थात ३४.८०%, अनेकार्थक शब्द १८ वटा अर्थात ३.३२%, त्यस्तै उखान टुक्का ९ वटा अर्थात १.६५%,श्रुतिसमभिनार्थक शब्द ७ अथावा १.२९%, विपरीतार्थक शब्द ६ वटा अर्थात १.१०%, र अनुकरणात्मक शब्द २ वटा अर्थात ०.३६%, शब्दहरू रहेको पाइन्छ । माथिको विवरणलाई विशलेषण गर्दा कक्षा १० को पुरानो पाठ्यपुस्तक अन्तर्गत समावेश भएका १६ वटा पाठमा समाविष्ट कठिन शब्दहरू मध्ये सबैभन्दा बढी पर्यायवाची शब्दहरू रहेका छन् । त्यसपछि पारिभाषिक/प्राविधिक शब्दहरू दोस्रो स्थानमा रहेका छन भने क्रमश : अनेकार्थक शब्द तेस्रो स्थानमा, उखानटुक्का चौथो स्थानमा, श्रुति समभिनार्थक शब्द पाँचौ स्थानमा, विपरीतार्थक शब्द छैटौं स्थानमा र अनुकरणात्मक शब्द अत्यन्तै न्यून रहेको पाइन्छ ।

पाठ्यपुस्तकमा अनुकरणात्मक, विपरीतार्थक, श्रुतिसमभिनार्थक जस्ता शब्दहरू ज्यादै न्यून भएका कारण यस्ता शब्दहरू वृद्धि गर्नुपर्ने देखिन्छ ।

### ४.२.२ विधासम्बन्धी अभ्यासको व्याख्या र विश्लेषण :

कक्षा १० को पुरानो पाठ्यपुस्तकमा जम्मा १६ वटा पाठशीर्षक अन्तर्गत विभिन्न विधाहरू समावेश भएका छन् जसमा कविता ३ वटा, कथा ३ वटा, निवन्ध ३ वटा, जीवनी ३ वटा, चिठ्ठी, एकाङ्की, मनोवाद र वादविवाद १/१ वटा रहेका छन् । विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण गर्दा पाठमा भएका अभ्यासहरूलाई बोधात्मक, प्रयोगात्मक, उच्चदक्षता र सिर्जनात्मक गरी चार तहमा वर्गिकरणगरी देखाइएको छ । जसमा प्रश्नहरूको उदाहरणहरू निम्नानुसार रहेका छन् ।

बोधात्मक प्रश्नहरू :

१) 'कर्तव्य' कथाको मूल आसय के हो ? (नेपाली भाषा पाठ्यपुस्तक २०६४ : १६)

२) मपाँइत्वले लठ्याएपछि मानिसहरू के के गर्न थाल्छन् ?

(नेपाली भाषा पुस्तक २०६४ : २५)

३) मिथिला चित्रकलाका मौलिक विशेषताहरू के के हुन् ?

(नेपाली भाषा पाठ्यपुस्तक २०६४ : ६९)

प्रयोगात्मक प्रश्नहरू :

१) वशन्त ऋतुले .............मा सौन्दर्य छर्दछ । (आकश, समुद्र, विश्व)

(नेपाली भाषा पाठ्यपुस्तक २०६४ : ३)

२) ब्राम्हणहरू ................. पाठ गरिरहेका छन् । (गीता, शिवस्तुती, रामायण)

(नेपाली भाषा पाठ्यपुस्तक २०६४ : १११)

१) नेल्सनमण्डेलाले लामो समय सम्म जेलमा वसेर वा निरन्तर रंगभेद नीतिसँग संघर्ष गरेर दक्षिण अफ्रिकी जनतालाई स्वाधिनताको अनुभूति गराएरै छाडे । यदि मण्डेलाको ठाउँमा तपाई हुनु भएको भए तपाईको भूमिका कस्तो रहन्थ्यो होला यस बारे कक्षामा छलफलगरी आफ्नो विचारलाई दश ओटा बुँदामा लेख्नुहोस् ।

सिर्जनात्मक प्रश्न :

१) 'बैशाख' कविताको ढाँचामा 'परिवर्तन' शीर्षकमा कविता रुचि कक्षामा सुनाउनुहोस् ।

**ताकि नं. २**

**विधासम्बन्धी अभ्यासको प्रस्तुतिकरण विवरण :**

| क.सं. | विधा | विधा संख्या | बोध | प्रयोग | उच्च दक्षता | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कविता | ३ | १०१ | ३० | १० | ५ | १४६ | १८.०२ |
| २ | कथा | ३ | ११९ | ३५ | ११ | ४ | १६९ | २०.८६ |
| ३ | निवन्ध | ३ | ८२ | २५ | ९ | ६ | १२२ | १५.०६ |
| ४ | जीवनी | ३ | ११४ | ३५ | १२ | ३ | १६४ | २०.०२ |
| ५ | मनोवाद | १ | ४४ | २३ | १० | ६ | ८३ | १०.२५ |
| ६ | एकाङ्की | १ | ३८ | ८ | ९ | २ | ५७ | ७.०३ |
| ७ | वादविवाद | १ | १ | ५ | ८ | - | १४ | १.७३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | चिठी | १ | २८ | २२ | ४ | १ | ५५ | ७.०३ |
| | जम्मा | १६ | ५२७ | १८३ | ७३ | २७ | ८१० | |
| | प्रतिशत | | ७५.०६ | २२.५९ | ९.०१ | ३.३३ | | |

माथिको तालिका अनुसार कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा १६ ओटा पाठहरू रहेका छन् । आठ ओटा विधाहरूमा पाठहरू विभाजन गरिएको छ । जसमध्ये कविता विधामा तीन ओटा पाठहरू रहेका छन् । यसमा बोध अन्तर्गत १०१ वटा प्रश्न प्रयोग अन्तर्गत ३० वटा उच्चदक्षतामा आधारित १० वटा र सिर्जनात्मकतामा ५ वटा गरी कविता विधामा जम्मा १४६ वटा प्रश्नहरू रहेका छन् । यो कुल संख्याको १८.०२% हो ।

कथा विधा अन्तर्गत ३ वटा पाठहरू रहेका छन् । जसमा बोध अन्तर्गत ११९ वटा प्रश्नहरू प्रयोग अन्तर्गत ३५ वटा प्रश्नहरू, उच्चदक्षतामा आधारित ११ वटा र सिर्जनात्मकता अन्तर्गत ४ वटा गरी जम्मा १६९ वटा प्रश्नहरू रहेका छन् । यो कुल सङ्ख्याको २०.८६% हुन आउँछ । निवन्ध विधा अन्तर्गत रहेर तथ्याङ्कको विश्लेषण गर्दा ३ वटा पाठहरू रहेका छन् । निवन्ध विधामा बोधसम्बन्धी ८२ वटा प्रश्न प्रयोगात्मक २५ वटा, उच्चदक्षतामा आधारित ९ वटा प्रश्न र सिर्जनात्मक ६ वटा प्रश्नगरी जम्मा १२२ वटा प्रश्नहरू समावेश भएका छन् । यो कुल संख्याको १५.०६% हुन्छ ।

जीवनी विधा अन्तर्गत ३ वटा पाठहरू रहेका छन भने यसमा बोध सम्बन्धी ११४ वटा प्रश्न, प्रयोग अन्तर्गत ३५ वटा प्रश्न, उच्चदक्षतामा आधारित १२ वटा र सिर्जनात्मकतामा ३ वटा गरी जम्मा १६४ अर्थात कुल संख्याको २०.०२% हुन्छ ।

मनोवाद विधाअन्तर्गत १ वटा पाठ रहेको छ । जसमा बोधसम्बन्धी ४४ वटा प्रश्न प्रयोग सम्बन्धी २३ वटा प्रश्न, उच्चदक्षतामा आधारित १० वटा प्रश्न र सिर्जनात्मक छ आधारित १० वटा प्रश्न र सिर्जनात्मक ६ वटा गरी जम्मा ८३ वटा नमुना प्रश्न रहेका छन् । यो कुल संख्याको १०.२५% हुन आउँछ ।

चिठी विधाअन्तर्गत तथ्याङ्कको विश्लेषण गर्दा १ वटा पाठ समावेश गरिएको छ । जसमा बोधसम्बन्धी २८ वटा प्रश्न प्रयोग सम्बन्धी २२ वटा प्रश्न, उच्च दक्षतासँग सम्बन्धित ९४ वटा प्रश्न र सिर्जनात्मक १ वटा गरी जम्मा ५५ प्रश्नहरू अर्थात कुल प्रश्नसंख्याको ७.०३% नमुना अभ्यास समावेश भएका छन् ।

वादविवाद विधा अन्तर्गत एउटा पाठ रहेको छ । यसमा बोधसम्बन्धी १ वटा प्रश्न प्रयोग सम्बन्धी ५ वटा प्रश्न र उच्च दक्षता सम्बन्धी ८ वटा प्रश्नगरी जम्मा १४ वटा प्रश्नहरू अर्थात कुल संख्याको १.७३ प्रतिशत नमुना अभ्यासहरू समावेश भएका छन् ।

माथिको तथ्याङ्कको विधागत रुपमा छुट्टाछुट्टै विश्लेषण गरिएको छ । समग्रमा सबै विधालाई समेटी विश्लेषण गर्दा कक्षा १० को नेपाली पाठ्यपुस्तक २०६४ मा बोध सम्बन्धी ५२७ वटा प्रश्नरहेका छन् । यो कुल संख्याको ७५.०६% हुन्छ । प्रयोगात्मक प्रश्न हेर्दा जम्मा १८३ वटा अर्थात कुल संख्याको २२.५९% प्रश्नहरू समेटिएका छन् । उच्चदक्षतामा आधारित प्रश्नहरू जम्मा ७३ वटा अर्थात कुल संख्याको ९.०१% प्रश्नहरू समावेश छन् । विद्यार्थीहरूमा सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने आलका प्रश्न जम्मा २७ वटा अर्थात कुल संख्याको ३.३३% प्रश्नहरू समावेश भएका छन् ।

तालिकालाई अध्ययन एवम् विश्लेषण गर्दा बोध सम्बन्धी प्रश्नहरू अत्याधिक रहेको पाइन्छ भने प्रयोगात्मक प्रश्नहरू मध्यम र उच्च दक्षता र सिर्जनात्मक क्षमताको विकास गर्ने खालका प्रश्नहरू न्यून मात्रामा रहेको पाइन्छ । समग्र पक्षको तुलना गर्दा पाठ्यपुस्तकमा प्रयोगात्मक उच्च दक्षता र सिर्जनात्मक किसिमका प्रश्नहरू बढाएर विद्यार्थीहरूमा भाषिक सीपगत क्षमता विकासमा थप सहयोग पुग्ने देखिन्छ ।

### ४.२.३ व्याकरण सम्बन्धी अभ्यासको व्याख्या विश्लेषण :

कक्षा १० नेपाली पाठ्यपुस्तक '२०६४' मा रहेका व्याकरण सम्बन्धी जम्मा ११४ वटा प्रश्नहरू रहेका छन् । जसमा व्याकरणलाई परिचयात्मक धारणात्मक, प्रयोगात्मक र पहिचात्मक गरी ४ भागमा वर्गिकरण गरिएको छ । यहाँ शब्दवर्ग, पदसङ्गति, काल, पक्ष, शब्दभण्डार, भाव/अर्थ, वाक्य परिवर्तन, वाक्य र यसका प्रकार, लेख्य चिन्ह, कारक र विभक्ति, वर्ण विन्यास शब्द निर्माण, पदयोग र पद वियोग, समास जस्ता शीर्षकमा व्याकरण सम्बन्धी नमुना अभ्यासको चर्चा गरिएको छ । व्याकरण सम्बन्धी नमुना अभ्यासलाई निम्नानुसार उदाहरण सहित प्रस्तुत गरिएको छ ।

**परिचयात्मक प्रश्न :**

अभ्यासमा दिइएका व्याकरणिक प्रश्नहरूको उत्तर दिदा चिनारी वा जनाउ दिए मात्र पुग्ने किसिमका समस्यालाई परिचययात्मक अन्तर्गत समावेश गरिएको छ । जस्तै :

रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस् :

मनको वह द्यौम्यसँग पोखेपछि विदुरको आवेश अलि अलि शान्त भयो अनि सन्ध्यास्नान सिध्याएर द्यौम्यसँग गुनगुन कुरागर्दै आश्रम तिर हिडे ।

(नेपाली पाठ्यपुस्तक २०६४ : १०७)

**धारणात्मक प्रश्न :**

धारणात्मक तर्फ : व्याकरणिक नियम एवम् अभ्यासको धारणा बसाएर प्रश्नको जवाफ दिन सकिने किसिमका समस्याहरू समूहिकृत गरिएको छ । जस्तै :

**निर्देशनका आधारमा तलका वाक्यलाई, परिवर्तन गर्नुहोस् :**

अ) मेरा मामाको छोरो आयो (वहुवचन)

आ) कविले राम्रा कविता लेखे (स्त्रीलिङ्ग)

इ) उनी सधैं विद्यालय जान्छन् (द्वितीय पुरुष)

(नेपाली पाठ्यपुस्तक २०६४ : १८)

**प्रयोगात्मक प्रश्न :**

प्रयोगात्मक तर्फ विद्यार्थीहरू आफैलाई व्याकरणिक नियम एवम् अभ्यासहरूलाई प्रयोग गरेर देखाउन भनिएका प्रश्नहरू समावेश गरिएको छ । यस अन्तर्गत खाली ठाउँ भर्ने, वाक्यान्तरण गर्ने, वाक्य/शब्द र स्वतन्त्र प्रयोग गर्ने जस्ता प्रश्नलाई स्थान दिइएको छ । जस्तै :

**कोष्टकबाट मिल्ने शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

अ) फूल शब्दको अर्थ ............. हो । (अण्डा, पुष्प, पल्लव)

आ) .............. अनेकार्थी शब्द हो । (हार, चार, सुर)

इ) कदम शब्दको अर्थ ............. हो । (हात, पाइला, शिर)

(नेपाली पाठ्यपुस्तक २०६४ : ४१)

**पहिचानात्मक प्रश्न :**

पहिचानात्मक व्याकरणिक अभ्यासमा समाविष्ट समस्याहरू सम्बन्धित नियमका आधारमा छुट्याउन लगाइएका प्रश्नहरूलाई समावेश गरिएको छ । यस अन्तर्गत ठीक, बेठीक छुट्याउने, उदाहरणबाट खोजेर लेख्ने, पाठबाट खोजेर लेख्ने जस्ता अभ्यासहरू समावेश गरिएको छ । जस्तै : पाठको दोस्रो अनुच्छेदबाट 'इय' 'इक' र 'आइ' प्रत्यय लागेर बनेका शब्दहरू टिपी तिनको प्रकृति प्रत्यय छुट्याउनुहोस र प्रत्येकमा त्यस्तै पाँच पाँच ओटा शब्द बनाउनुहोस् । (नेपाली भाषा पाठ्यपुस्तक २०६४ : २४)

**तालिका नं. ३**

**व्याकरण सम्बन्धी अभ्यासको विवरण :**

| क्र. सं. | व्याकरण शीर्षक | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | शब्दवर्ग | ७ | - | १३ | ७ | २७ | २३.६८ |
| २ | पदसङ्गति | - | १ | ४ | - | ५ | ४.३८ |
| ३ | काल | १ | २ | ३ | - | ६ | ५.२६ |
| ४ | पक्ष | १ | २ | ४ | - | ७ | ६.१४ |
| ५ | शदभण्डार | ५ | ४ | १७ | १ | २७ | २३.६८ |
| ६ | भाव/अर्थ | २ | - | २ | - | ४ | ३.५१ |
| ७ | वाक्य परिवर्तन | १ | १ | ३ | १ | ६ | ५.२६ |
| ८ | वाक्य र यसका प्रकार | १ | १ | १ | १ | ४ | ३.५१ |
| ९ | लेख्य चिन्ह | १ | - | २ | - | ३ | २.६३ |
| १० | कारक र विभक्ति | - | १ | २ | ३ | ६ | ५.२६ |
| ११ | वर्णविन्यास | १ | १ | ५ | १ | ८ | ७.०२ |
| १२ | शब्द निर्माण | - | - | ३ | २ | ५ | ४.३८ |
| १३ | पदयोग र पदवियोग | १ | - | १ | १ | ३ | २.६३ |
| १४ | समास | १ | १ | - | १ | ३ | २.६३ |
|  | जम्मा | २२ | १४ | ६० | १८ | ११४ |  |
|  | प्रतिशत | १९.२९ | १२.२८ | ५२.६३ | १५.७८ |  | १०० |

प्रस्तुत पाठ्यपुस्तकमा रहेका व्याकरणसँग सम्बन्धित अभ्यासलाई केलाएर हेर्दा शब्दवर्गसँग सम्बन्धित अभ्यासलाई जम्मा २७ वटा अर्थात २३.६८%, पद सङ्गति तर्फ ५

ओटा अर्थात ४.३८%, कालसँग सम्बन्धित अभ्यासलाई हेर्दा जम्मा ६ ओटा अर्थात ५.२६%, पक्षसँग सम्बन्धित जम्मा ७ वटा अर्थात १४%, शब्द भण्डारसँग सम्बन्धित जम्मा २७ वटा अर्थात २३.६८%, भाव र अर्थसँग सम्बन्धित जम्मा ४ वटा अर्थात ६.५१%, वाक्य परिवर्तनसँग सम्बन्धित जम्मा ६ ओटा अर्थात ५.२६%, वाक्य र यसका प्रकारसँग सम्बन्धित जम्मा ३ वटा अर्थात २.६३%, कारक र विभक्तिसँग सम्बन्धित जम्मा ६ वटा अर्थात ५.२६%, वर्णविन्याससँग सम्बन्धित जम्मा ८ वटा अर्थात ७.०२%, शब्दनिर्माणसँग सम्बन्धित जम्मा ५ वटा अर्थात ४.३८%, पदयोग र पदवियोग सम्बन्धित जम्मा ३ वटा अर्थात २.६३%, समाससँग सम्बन्धित जम्मा ३ वटा अर्थात २.६३%, अभ्यासहरू रहेको तथ्य प्रस्तुत तालिकाको विश्लेषणबाट प्रष्ट भएको छ ।

तालिकाको समग्र पक्षको विश्लेषण गर्दा जम्मा १४ वटा व्याकरण शीर्षकमा ११४ वटा व्याकरण शीर्षकमा ११४ वटा जम्मा अभ्यासहरू रहेका छन् । सबै भन्दा बढि प्रयोगात्मक अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम धारणात्मक अभ्यासहरू रहेका छन् । व्याकरण अन्तर्गत सबै भन्दा बढि अभ्यासहरू शब्दभण्डार र शब्दवर्गसँग सम्बन्धित अभ्यासहरू रहेको पाइन्छ भने सबै भन्दा कम अभ्यास लेख्य चिन्ह, समास पदयोग र पदवियोगसँग सम्बन्धित अभ्यासहरू रहेको पाइन्छ ।

**४.२.४ भाषिक सीपसँग सम्बन्धित अभ्यासको व्याख्या तथा विश्लेषण :**

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासलाई भाषिक सीपहरू सुनाइ र बोलाइ, पढाइ अनि लेखाइका आधारमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा जम्मा ७५८ वटा प्रश्नहरू रहेका छन् कविता, कथा, निबन्ध, जीवनी, चिठी, मनोवाद, एकाङ्की र वादविवाद विद्यार्थीहरूलाई छुट्टाछुट्टै रुपमा राखी सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी विधा अनुरूप वर्गिकरण गरिएको छ । भाषिक सीप सम्बन्धी नमुना अभ्यासलाई निम्नानुसार उदाहरण सहित प्रस्तुत गरिएको छ :

सुनाइ : पाठ्मा उल्लेख भए अनुसार “काम खोज्दै जाँद” मनोवादको अन्तिम अनुच्छेदलाई अज्ञात भुतकालमा परिवर्तन गरी कक्षामा सुनाउनुहोस् ।

(नेपाली भाषा पाठ्यपुस्तक २०६४ : ४१)

बोलाइ : तल दिएको शब्दहरूको उच्चारण गर्नुहोस् :

पराक्रम, विश्वमित्र, अतिशयोक्ति, पुरुषार्थ श्रद्देय, मन्तव्य

(नेपाली भाषा पाठ्यपुस्तक २०६४ : ९३)

पढाइ : 'सहिदहरूको सम्भनामा' कविता गति यति मिलाएर वाचन गर्नुहोस् ।

(नेपाली भाषा पाठ्यपुस्तक २०६४ : ९३)

लेखाइ : छोरीलाई शिक्षा दिनुपर्छ भन्ने सल्लाह दिँदै रोल्पाका मान बहादुरलाई नेपालगञ्जका मोहम्मदले लेख्ने चिठी तयार गर्नुहोस् । (नेपाली भाषा पाठ्यपुस्तक २०६४ : ७४)

भाषिक सीपलाई सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. ४ सीपसँगथ सम्बन्धित विवरण**

| क्र.सं. | भाषिक विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कविता | - | ४८ | ३३ | ४४ | १२५ | १६.४९ |
| २ | कथा | - | ४७ | ५३ | ६१ | १६१ | २१.२४ |
| ३ | निबन्ध | - | ३४ | ३८ | २८ | १०० | १३.१५ |
| ४ | जीवनी | - | ६० | ४८ | ७५ | १८३ | २४.१४ |
| ५ | चिठी/निवेदन | - | २ | १७ | ३७ | ५५ | ७.२५ |
| ६ | वादविवाद | - | १३ | ३१ | ३३ | ७७ | १०.१५ |
| ७ | एकाङ्की | - | १४ | १३ | १६ | ४३ | ५.७४ |
| ८ | मनोवाद | १ | - | ४७ | ६ | १४ | १.८४ |
| | जम्मा | १ | २१८ | २४० | ३०० | ७५८ | - |
| | प्रतिशत | ०.१३ | २८.७५ | ३१.६६ | ३९.५७ | - | १०० |

माथिको तालिकाको अध्ययन एवम् विश्लेषण गर्दा कविता शीर्षकमा बोलाइ सीपसँग सम्बन्धित ४८ वटा पढाइ सीपसँग सम्बन्धित ३३ वटा र लेखाइ सीपसँग ४४ वटागरी जम्म १२५ वटा अर्थात १६.४९% अभ्यासहरू भाषिक सीपसँग सम्बन्धित रहेका छन् ।

कथा विधाको अध्ययन गर्दा बोलाइ सीप विकास गर्ने ४७ वटा, पढाइ सीप विकास गर्ने ५३ वटा र लेखाइ सीप विकास गर्ने ६१ वटा गरी जम्मा १६१ वटा अर्थात २१.२४% अभ्यासहरू भाषिक सीपसँग सम्बन्धित रहेका छन् । निवन्ध विधाको अध्ययन गर्दा बोलाइ सीप विका गर्ने ३४ वटा, पढाइ सीप विकास गर्ने ३८ वटा, लेखाइ सीप विकास गर्ने २८ वटा गरी जम्मा १०० वटा अर्थात १३.१५% नमुना अभ्यासहरू रहेका छन् ।

जीवनी विधामा रहेको नमुना अभ्यासको विश्लेषण गर्दा बोलाइ सीपसँग सम्बन्धित ६० वटा, पढाइ सीपसँग सम्बन्धित ४८ वटा, लेखाइ सीपसँग सम्बन्धित ७५ वटा गरी जम्मा १८३ वटा अर्थात २४.१४% भाषिक सीप विकास गर्ने नमुना अभ्यासहरू समावेश भएका छन् ।

चिठी/निवेदन अन्तर्गत बोलाइ सीपसँग सम्बन्धित २ वटा, पढाइ सीपसँग सम्बन्धित १७ वटा, लेखाइ सीपसँग सम्बन्धित ३७ वटा गरी जम्म ५५ वटा अर्थात ७.२५% प्रश्नहरू रहेका छन् ।

वादविवाद विधा अन्तर्गत बोलाइ सीपसँग सम्बन्धित १३ वटा, पढाइ सीपसँग सम्बन्धित ३१ वटा र लेखाइ सीपसँग सम्बन्धित ३३ वटा गरी जम्मा ७७ वटा अर्थात १०.१५% भाषिक सीपसँग सम्बन्धित नमुना अभ्यासहरू रहेका छन् ।

एकाङ्की विधा अन्तर्गत बोलाइ सीपसँग सम्बन्धित १४ वटा, पढाइ सीपसँग सम्बन्धित १३ वटा र लेखाइ सीपसँग सम्बन्धित १६ वटा गरी जम्मा ४३ वटा अर्थात ५.७४% नमुना अभ्यासहरू समावेश भएका छन् ।

मनोवाद अन्तर्गत विश्लेषण गर्दा सुनाइ सीपसँग सम्बन्धित १ वटा, पढाइ सीपसँग सम्बन्धित ७ वटा र लेखाइ सीपसँग सम्बन्धित ६ वटा गरी जम्मा १४ वटा अर्थात १.८४% भाषिक सीपहरू विकास गर्ने नमुना अभ्यासहरू समावेश भएका छन् । पाठ्यपुस्तक २०६४ मा सुनाइ सीपको विकास गर्ने जम्मा एउटा मात्र प्रश्न वा ०.१३% मात्र अभ्यास रहेका छन् । बोलाइ सीपको विकास गर्ने २१८ वटा वा २८.७५% नमुना प्रश्नहरू रहेका छन् । पढाइ सीप विकास गर्ने २४० प्रश्नहरू अर्थात ३१.६६% प्रश्नहरू रहेका छन् । लेखाइ सीप विकास गर्ने ३०० वटा अर्थात ३९.५७% प्रश्नहरू रहेका छन् ।

समग्रमा भन्नु पर्दा पाठ्यपुस्तकको जीवनी विधामा सबैभन्दा बढी भाषिक सीप सम्बन्धित प्रश्नहरू समावेश भएको पाइन्छ भने लेखाइ सीपसँग सम्बन्धित प्रश्नहरू सबैभन्दा बढी पाठ्यपुस्तकमा समावेश भएका छन् । तर अन्य सीपसँग सम्बन्धित प्रश्नहरू मध्यम छन् । पाठ्यपुस्तकमा सम्पूर्ण पाठहरूमा सुनाइ सीपसँग सम्बन्धित प्रश्न जम्मा एउटा मात्र रहेको छ । यो अत्यन्तै कमजोरी पक्ष हो । यस्ता सुनाइ सीपसँग सम्बन्धित प्रश्नहरू बृद्धि गरेमा पाठ्यपुस्तक अझ राम्रो उपयोग हुने देखिन्छ ।

## ४.३ नेपाली भाषा पाठ्यपुस्तक (२०७३) कक्षा १० मा प्रयुक्त नमुना अभ्यासको व्याख्या तथा विश्लेषण :

नेपाली भाषा पाठ्यपुस्तक (२०७३) पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित कक्षा १० को नेपाली भाषा पाठ्यक्रममा आधारित भएर तयार पारिएको परिमार्जित नयाँ पाठ्यपुस्तक २०७३ मा लागु भएको पाठ्यपुस्तक हो । यस पाठ्यपुस्तकलाई सरकारी र नीजि स्तरको विद्यालयले पाठ्य सामग्रीको रुपमा प्रयोग गर्दै आएको पाइन्छ । यस पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासलाई विभिन्न शीर्षक अन्तर्गत राखेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.३.१ शब्दार्थको व्याख्या तथा विश्लेषण :

कक्षा १० को नयाँ परिमार्जित पाठ्यपुस्तक 'नेपाली' मा प्रत्येक पेजको अन्त्यमा नै कठिन लाग्ने खालका शब्द र तिनको अर्थ प्रस्तुत गरिएको छ । शब्दार्थ सूची भित्र पारिभाषिक/प्राविधिक, पर्यावाची, अनेकार्थी, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक आदि शब्दहरू रहेका छन् । पेजको अन्त्यमा दिइएका शब्दलाई निम्नानुसार उदाहरण सहित प्रस्तुत गरिएको छ ।

१) पारिभाषिक/प्राविधिक : कीटनाशक : किरा नास गर्ने

२) पर्यायवाची : प्रतिष्ठा : मान, कृति, गौरव

३) अनेकार्थक : कल : मेसिन, कलह, कोमल

४) विपरीतार्थक : स्वर्ग : नर्ग

५) अनुकरणत्मक : चाचा चाची : काका काकी

६) श्रुतिसमभिन्नार्थक : शीत : चिसो

पेजको अन्त्यमा दिइएको शब्दार्थ सूचीमा रहेका शब्दहरूलाई निम्नानुसार तालिकाबद्ध गरी तिनको व्याख्या विश्लेषण गर्न सकिन्छ ।

**तालिका नं. ५ शब्दार्थको व्याख्या विश्लेषण**

| क.सं. | शब्दको किसिम | शब्द संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पारिभाषिक/प्राविधिक | ९९ | ३१.८३ |
| २ | पर्यायवाची | १७१ | ५४.९८ |
| ३ | अनेकार्थक | १५ | ४.८२ |
| ४ | विपरीतार्थक | ५ | १.६१ |
| ५ | अनुकरणात्मक | १८ | ५.७८ |
| ६ | उखान टुक्का | - | - |
| ७ | श्रुतिसमभिन्नार्थक | ३ | ०.९६ |
| | जम्मा | ३११ | १०० |

प्रस्तुत तालिका अनुसार कक्षा १० को नेपाली (नयाँ) भाषा पाठ्यपुस्तकमा समाविष्ट शब्दार्थ सूचीमा रहेका शब्दहरूको विश्लेषण गर्दा जम्मा ३११ शब्द संख्याा रहेका छन् । जसमा पारिभाषिक/ प्राविधिक शब, पर्यायवाची शब्द, अनेकार्थीक शब्द, विपरीतार्थक शब्द, अनुकरणात्मक शब्द र श्रुति समभिन्नार्थक शब्द रहेका छन् । पारिभाषिक/प्राविधिक शब्द ९९ वटा अर्थात कुल संख्याको ३१.८३% पर्यायवाची शब्द १७१ वटा अर्थात कुल संख्याको ५४.९८%, अनेकार्थक शब्द १५ वटा अर्थात ४.८२%, विपरीतार्थक शब्द ५ वटा अर्थात १.६१%, अनुकरणात्मक १८ वटा अर्थात ५.७८%, श्रुतिसमभिन्नार्थक शब्द ३ वटा अर्थात ०.९६%, शब्दहरू रहेका छन् भने उखान टुक्का जनित शब्दहरू शब्दार्थ सूचीमा रहेको पाइन्दैन । यसरी हेर्दा पर्यायवाची शब्दार्थ सूचीमा सबैभन्दा बढी अनि क्रमश पारिभाषिक/प्राविधिक, अनुकरणात्मक, अनेकार्थक, विपरीतार्थक र श्रुतिसमभिन्नार्थक शब्दहरू न्यून मात्रामा रहेका छन् ।

कक्षा १० को नेपाली पाठ्यपुस्तकमा भएका शब्दार्थ सूचीमा पर्यायवाची, पारिभाषिक/प्राविधिक शब्दहरू पर्याप्त मात्रामा रहेका पाइन्छ भने श्रुतिसमभिन्नार्थक,

अनेकार्थक, विपरीतार्थक, अनुकरणात्मक शब्दहरू वृद्धि गर्नुपर्ने देखिन्छ उखान टुक्काहरू नगन्य मात्रामा भएकाले यसको संख्या बढाउनुपर्ने देखिन्छ ।

## ४.३.२ विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण :

कक्षा १० को वर्तमान पाठ्यपुस्तकलाई हेर्दा पाठ्यक्रम अनुरूप ८ वटा विधाहरूमा समग्र विषयवस्तुलाई समेटिएको देखिन्छ । कथा, कविता, निवन्ध, जीवनी, वादविवाद, मनोवाद, चिठी, एकाङ्की गरी ८ वटा विधामा १६ ओटा पाठहरू पाठ्यपुस्तक भित्र समावेश गरिएको छ ।

विधा सम्बन्धी नमुना अभ्यासको व्याख्या विश्लेषण गर्नुपर्दा नमुना अभ्यासलाई विधागत रुपमा बोध, प्रयोग, उच्चदक्षता र सिर्जनात्मक प्रश्नहरूलाई निम्नानुसार उदाहरण सहित प्रस्तुत गरिएको छ :

१) बोध प्रश्न :

क) विभिषणको विचारमा रामले किन आयोद्धा नगई लङ्कण मै राजगर्नु उपयुक्त थियो ?

(नेपाली २०७३ : ७)

ख) मपाईत्वले लठ्याएपछि मानिसहरू के के गर्न थाल्छन् । (नेपाली २०७३ : १३१)

२. प्रयोगात्मक प्रश्न :

कोष्ठकमा दिइएका धातु र संकेतका आधारमा खाली ठाउँ भर्नुहोस् :

क) आकाशमा चराहरू ............. । (उड् : अपूर्ण भूत)

ख) सलिना परीक्षामा प्रथम ........... । (हुँ : अज्ञात भूत) (नेपाली : ५१)

३. उच्च दक्षतामा आधारित प्रश्न :

क) तपाइले अहिले सम्म पढेका किताबहरू मध्ये कुन किताव किन राम्रो लाग्यो, कक्षामा सुनाउनुहोस् । (नेपाली : ४६)

ख) विश्वव्यापिकरणका दुष्प्रभाव हटाउन स्थानीयकरण आवश्यक छ, विवेचना गर्नुहोस् ।

(नेपाली : ९७)

४. सिर्जनात्मक प्रश्न :

क) हिमाल यात्रा गर्दाको काल्पनिक अनुभाव गरी तीन अनुच्छेद लेख्नुहोस् । (नेपाली : १२४)

ख) कक्षा १२ उत्तिर्ण गरेपछि भविष्यमा के बन्ने विषयमा आफ्ना मनमा उब्जिका भाव लेख्नुहोस् । (नेपाली : ४३)

**तालिका नं. ६ विधा सम्बन्धी अभ्यासको प्रस्तुतिकरण विवरण**

| क्र. सं. | विधा | विधा संख्या | बोध | प्रयोग | उच्च दक्षिता | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कथा | ४ | १४७ | ९३ | ३१ | ७ | २७८ | २७.६६ |
| २ | कविता | ३ | ९३ | ५८ | २१ | ५ | १७७ | १७.७१ |
| ३ | जीवनी | २ | ५७ | ७२ | १४ | ४ | १४७ | १४.६३ |
| ४ | निबन्ध | ३ | ६१ | २७ | १६ | ३ | १०७ | १०.६५ |
| ५ | मनोवाद | १ | ६१ | २२ | १२ | ५ | १०० | ९.५० |
| ६ | चिठी | १ | ४४ | ४० | ८ | १ | ९३ | ९.२५ |
| ७ | वादविवाद | १ | ३६ | १९ | ५ | ४ | ७४ | ७.३६ |
| ८ | एकाङ्की | १ | २२ | १३ | ३ | १ | ३९ | ३.२४ |
|  | जम्मा | १६ | ५२१ | ३४४ | ११० | ३० | १००५ | - |
|  | प्रतिशत |  | ५१.८४ | ३४.२३ | १०.९५ | २.९८ |  | १०० |

माथिको तालिका अनुसार कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (नयाँ) मा जम्मा १६ वटा पाठ रहेका छन् । कथा विधामा ४ वटा पाठहरू रहेका छन् । जसमा बोध अन्तर्गत १४७ प्रयोग अन्तर्गत ९३, उच्च दक्षता अन्तर्गत ३१ वटा र सिर्जनात्मक ७ गरी जम्म २७८ वटा प्रश्नहरू रहेका छन् । जुन कुल संख्यको २७.६६% हो ।

कविता विधा अन्तर्गत ३ वटा पाठहरू रहेका छन् । जसमा बोध अन्तर्गत ९३ वटा, प्रयोग अन्तर्गत ५८ वटा प्रश्न, उच्चदक्षता अन्तर्गत २१ वटा प्रश्न र सिर्जनात्मक ५ गरी जम्मा १७७ अथवा १७.७१% प्रश्नहरू समावेश छन् ।

जीवनी विधा अन्तर्गत २ वटा पाठहरू रहेका छन् । जसमा बोध अन्तर्गत ५७ वटा, प्रयोग अन्तर्गत ७२ वटा, उच्च दक्षता अन्तर्गत १४ वटा र सिर्जनात्मक ४ गरी जम्मा

१४७ प्रश्नहरू रहेका छन् । यो कुल संख्याको १४.६३% हुन आउँछ । निवन्ध विधाको विश्लेषण गर्दा ३ वटा पाठहरू रहेका छन् जसमा बोध अन्तर्गत ६१ वटा प्रश्न प्रयोग अन्तर्गत २७ वटा प्रश्न, उच्च दक्षता अन्तर्गत १६ वटा प्रश्न र सिर्जनात्मक अन्तर्गत ३ प्रश्न गरी जम्मा १०७ अथवा कुल संख्याको १०.६५% प्रश्नहरू समावेश छन् ।

मनोवाद विधाको विश्लेषण गर्दा जम्मा १ पाठ रहेको छन् । जसमा बोध अन्तर्गत ६१ वटा प्रश्न प्रयोग अन्तर्गत २२ वटा प्रश्न, उच्चदक्षता अन्तर्गत १२ वटा र सिर्जनात्मक अन्तर्गत ५ गरी जम्मा १०० प्रश्न अर्थात कुल संख्याको ९.५०% प्रश्नहरू समावेश भएका छन् ।

चिठी विधा अन्तर्गत १ पाठ रहेको छ । जसमा बोध सम्बन्धी ४४ प्रश्न, प्रयोग सम्बन्धी ४० प्रश्न, उच्चदक्षता सम्बन्धी ८ वटा प्रश्न र सिर्जनात्मक १ गरी जम्मा ९३ वटा नमुना अभ्यास रहेका छन् । यो कुल संख्याको ९.२५% हुन आउँछ ।

वादविवाद विधा अन्तर्गत एउटा पाठ समावेश छ । जसमा बोध अन्तर्गत ३६ प्रयोग अन्तर्गत १९, उच्च दक्षता अन्तर्गत ५ र सिर्जनात्मक अभ्यास ४ गरी जम्म ७५ प्रश्नहरू रहेका छन् । यो कुल संख्यको ७.३६% हुन आउँछ ।

एकाङ्की विधा अन्तर्गत एउटा पाठ समावेश छ । जसमा बोध सम्बन्धी २२, प्रयोग सम्बन्धी १३, उच्च दक्षता सम्बन्धी ३, र सिर्जनात्मक १ गरी जम्मा ३९ वटा नमुना प्रश्न रहेका छन् । यो कुल संख्याको ३.२४% हुन आउँछ ।

माथिको तालिका अनुसार सबै विधाहरूलाई बोध, प्रयोग, उच्च दक्षता र सिर्जनात्मक गरी चार तहमा वर्गिकरण गरी विश्लेषण गर्दा बोध सम्बन्धी ५२१ अर्थात कुल प्रश्न संख्याको ५१.८४% प्रश्नहरू रहेका छन् प्रयोग सम्बन्धी प्रश्नको विश्लेषण गर्दा ११० प्रश्नहरू अर्थात कुल प्रश्न संख्याको १०.९५% प्रश्नहरू समावेश छन् । त्यस्तै सिर्जनात्मक प्रश्न ३० वटा अर्थात कुल प्रश्नको २.९८ प्रतिशत रहेका छन् ।

तालिका अनुसार सबै भन्दा बढी बोध सम्बन्धी प्रश्न त्यस पछि प्रयोग र क्रमश उच्च दक्षता अनि अनि सिर्जनात्मक क्षमता बढाउने प्रश्नहरू ज्यादै न्यूनमात्रामा रहेका छन् । त्यसैले सिर्जनात्मक क्षमता अभिवृद्धि गराउने खालका प्रश्नहरू बढाउनु पर्ने देखिन्छ ।

### ४.३.३ व्याकरण सम्बन्धी अभ्यासको व्याख्या विश्लेषण :

कक्षा १० को नेपाली (नयाँ) भाषा पाठ्यपुस्तकमा समावेश भएका व्याकरणात्मक अभ्यासलाई परिचयात्मक, धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक गरी चार आधारमा वर्गीकरण गरिएको छ । काल, पक्ष, शब्द निर्माण, पदसङ्गति, वाक्य परिवर्तन, वाक्य र यसका प्रकार, लेख्य चिन्ह कारक र विभक्ति, वर्णविन्यास, वाच्य, वाक्य संश्लेषण र विश्लेषण आदि शीर्षकका आधारमा विश्लेषण गरिएको छ । जस्तै :

१) **काल** : तलका क्रियापदहरू भूत वर्तमान र भविष्यत कुन कुन कालमा पर्दछन् ? तालिका बनाएर कापीमा लेख्नुहोस् ।

गर्दैथियो, रमाउदैथिए, भन्नुहुदैथियो, पढ्दैछौं, खेल्दैछन्, लम्किदै हुनेछ, सकिदैहुनेछ, खेल्दैहुनेछिन् । (नेपाली २०७३ : ६८)

२) **शब्दनिर्माण** : उदाहरण अनुसारका तीनतीन ओटा शब्दहरू लेख्नुहोस् ।

अन, अनी, अन्त, अन्ते, अत, एको, इया, आलु, आवट, जस्तै : अनगिन्ती, अनीकाल

(नेपाली २०७३ : ७८)

३) **वाच्य परिवर्तन** : वाच्य परिवर्तन गर्नुहोस् :

क) कुमालेले किताब किन्यो ।

ख) म द्वारा भात खाइयो ।

ग) हिजो खुव दगुर्‍यो ।

४) **वाक्य परिवर्तन** : कोष्ठकमा दिइएका संकेतका आधारमा तलका वाक्य परिवर्तन गर्नुहोस् ।

क) म कविता लेख्छु (वहु वचन)

ख) म भोली किमाथाङ्का जानेछु (द्वितीय पुरुष)

ग) लालसरा स्कुल जाँदिनन् (करण)

(नेपाली २०७३ : १२३)

५) **कारक र विभक्ति :** उदाहरणका आधारमा प्रत्येक कारक र विभक्ति प्रयोग गरी एक एक वटा वाक्य बनाउनुहोस् ।

क) कर्ता कारक र प्रथम विभक्तिको प्रयोग हसिना हाँसिन । म कविता लेख्छु । रामले खाना खायो । नानी मैयाँले कविता लेखिन् ।

ख) कर्मकारक र द्वितीय विभक्तिको प्रयोग :

मैले आँप खाएँ । पासाङले सीतालाई पाठ पढायो । (नेपाली २०७३ : ६८)

६) **लेख्यचिन्ह :**

क) पाठको तेस्रो अनुच्छेदबाट मिल्ने वाक्यलाई वर्तमान कालमा परिवर्तनगरी पुनलेखन गर्नुहोस् ।

ख) पाठको छैटौं अनुच्छेदलाई भविष्यत कालमा वदलि पुनर्लेखन गर्नुहोस् ।

(नेपाली पाठ्यपुस्तक २०७३ : ४३)

७) वाक्य र यसका प्रकार :

पाठबाट सरल, संयुक्त र मिश्र वाक्य छानेर सार्नुहोस् । (नेपाली पाठ्यपुस्तक २०७३ : १५८)

८) वर्ण विन्यास : तलका त्रुटिहरू सच्याउनुहोस् ।

चलचीत्र महत्वपुर्ण काल हो । यो विशवको शाझा भासा हो । भासा साझा भयको कारण जहाँ सुकैका मान्छेहरू एसका दर्षक हुन सक्छन् ।

(नेपाली पाठ्यपुस्तक २०७३ : ३४)

९) भाव र अर्थ : तलका वाक्यलाई आज्ञार्थक, इच्छार्थक र सम्भावनार्थकमा बदल्नुहोस् ।

क) म सगरमाथा आरोहण गर्छु (इच्छार्थक)

ख) तिमी नेपालगञ्जमा बस्छौ (आज्ञार्थक)

ग) ऊ स्कुल जान्छ (सम्भावनार्थक) (नेपाली पाठ्यपुस्तक २०७३ : ११५)

व्याकरण सम्बन्धी अभ्यासलाई निम्नानुसार तालिकावद्ध गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ७ व्याकरण सम्बन्धी अभ्यासका विवरण**

| क्र. सं. | व्याकरण शीर्षक | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानत्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | शब्दवर्ग | ५ | २ | २ | ९ | १८ | १४.०६ |
| २ | पद सङ्गति | - | ५ | २ | ३ | १० | ७.८१ |
| ३ | काल र पक्ष | ४ | १० | १६ | ७ | ३७ | २८.९० |
| ४ | भाव र अर्थ | - | २ | २ | - | ४ | ३.१२ |
| ५ | वाक्य परिवर्तन | - | ३ | २ | - | ५ | ३.९१ |
| ६ | वाक्य र यसका प्रकार | २ | - | ५ | १ | ८ | ६.२८ |
| ७ | लेख्यचिन्ह | - | - | १ | २ | ३ | २.३४ |
| ८ | कारक र विभक्ति | २ | ३ | ७ | ४ | १६ | १२.५ |
| ९ | वर्ण विन्यास | - | १ | - | १ | २ | १.५६ |
| १० | शब्द निर्माण | २ | ४ | ८ | २ | १६ | १२.५ |
| ११ | वाच्य | ४ | २ | - | - | ६ | ४.६८ |
| १२ | वाक्य संश्लेषण विश्लेषण | - | ३ | - | - | ३ | २.३४ |
| | जम्मा | १९ | ३५ | ४५ | २९ | १२८ | |
| | प्रतिशत | १४.८४ | २७.३४ | ३५.१५ | २२.६५ | | १०० |

प्रस्तुत नेपाली (नयाँ) भाषा पाठ्यपुस्तकमा रहेका व्यकरणसँग सम्बन्धित अभ्यासलाई केलाएर हेर्दा शब्दवर्गसँग सम्बन्धित अभ्यासलाई केलाएर हेर्दा शब्दवर्गसँग सम्बन्धित अभ्यासलाई जम्मा १८ वटा अर्थात १४.०६%, पदसङ्गति तर्फ १० वटा अर्थात ७.८१%, काल र यसका पक्षसँग सम्बन्धित अभ्यासहरू जम्मा ३७ वटा अर्थात २८.९०%, भाव र अर्थसँग सम्बन्धित अभ्यास ४ वटा अर्थात ३.१२%, वाक्य परिवर्तनसँग सम्बन्धित जम्मा ५ वटा अर्थात ३.९१% र यसका प्रकारसँग सम्बन्धित जम्मा ८ वटा अर्थात

६.२८%, लेख्यचिन्हसँग सम्बन्धित जम्मा ३ वटा  अर्थात २.३४%, कारक र विभक्तिसँग सम्बन्धित जम्मा १६ वटा अर्थात १२.५%, वर्ण विन्याससँग सम्बन्धित २ वटा अर्थात १.५६%, शब्द निर्माणसँग सम्बन्धित १६ वटा अर्थात १२.५%, वाच्यसँग सम्बन्धित जम्मा ६ वटा अर्थात ४.६८%, वाक्य संस्लेषण र विश्लेषणसँग सम्बन्धित जम्मा ३ वटा अर्थात २.३४%, अभ्यासहरू समाविष्ट रहेको तथ्य प्रस्तुत तालिकाको विश्लेषणबाट प्रष्ट भएको छ।

व्याकरण अन्तर्गतका शीर्षकहरू मध्ये सबैभन्दा बढी काल र त्यसका पक्षसँग सम्बन्धित अभ्यासहरू रहेको पाइन्छ भने सबै भन्दा कम अभ्यास वर्ण विन्याससँग सम्बन्धित अभ्यास रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा काल र पक्ष शब्द वर्ग, कारक र विभक्ति, शब्द निर्माणसँग सम्बन्धित अभ्यासहरू अत्यन्तै राम्रो र अत्यधिक रहेको पाइन्छ । शब्दनिर्माण भाव र अर्थ, वाक्य संश्लेषण र विश्लेषण, लेख्यचिन्ह, वाच्य वाक्य परिवर्तन जस्ता शीर्षकमा प्रश्नहरू समानुपातिक ढंगले विस्तार गर्दा अझ परिस्कृत हुने देखिन्छ ।

**४.३.४ भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण :**

कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७३ (नयाँ) मा समावेश भएका नमुना अभ्यासलाई भाषिक सीप अन्तर्गत रहेर विश्लेषण गर्दा कथा, कविता, जीवनी, निवन्ध, मनोवाद, चिठी, वादविवाद र एकाङ्की गरी ८ वटा विद्यालाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छ । भाषिक सीपलाई सुनाइ, बोलाइ, पढाइ लेखाइका आधारमा उदाहरण सहित तालिककरण गरी निम्नानुसार विश्लेषण गरिएको छ ।

सुनाइ : पाठको दोस्रो अनुच्छेद सुन्नुहोस र विभिषणलाई किन निन्द्रा लागने भन्नुहोस् ।

(नेपाली पाठ्यपुस्तक २०७३ : ५)

बोलाइ : तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस अहङ्कार, हडप्नु, सर्वाधिक, अधिनस्थ

(नेपाली पाठ्यपुस्तक २०७३ : ६)

पढाइ : जन्मभूमि पाठको अनुच्छेद पालैपालो पढनुहोस् ।   (नेपाली पाठ्यपुस्तक २०७३ : ६)

लेखाइ : पाठको एघारौ र बाह्रौं अनुच्छेदको अनुलेखन गर्नुहोस् ।

(नेपाली पाठ्यपुस्तक २०७३ : ७)

**तालिका नं. ८ भाषिक सीप सम्बन्धी अभ्यासको विवरण**

| क्र.सं. | भाषिक विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | ५४ | ५२ | ४६ | ११३ | २६५ | २८.०१ |
| २ | कविता | २४ | ६० | १८ | ३६ | १६५ | १७.४४ |
| ३ | जीवनी | २२ | १८ | २६ | ५१ | ११७ | १२.३६ |
| ४ | निबन्ध | २३ | २५ | १७ | ४६ | १११ | ११.७३ |
| ५ | मनोवाद | २५ | ३१ | १४ | २५ | ९५ | १०.०४ |
| ६ | चिठी | १० | ११ | १४ | ५५ | ९० | ९.५१ |
| ७ | वादविवाद | १० | १८ | ११ | २५ | ५४ | ५.७१ |
| ८ | एकाङ्की | ९ | ८ | ९ | २३ | ४९ | ५.२० |
| | जम्मा | १८.७१ | २३.५७ | १६.३८ | ४२.३८ | ९४६ | |
| | प्रतिशत | | | | | | १०० |

प्रस्तुत तालिका अनुसार नेपाली भाषा पाठ्यपुस्तक (नयाँ) मा कथा, कविता, जीवनी, निवन्ध, मनोवाद, चिठी, वादविवाद जस्ता विधामा भाषिक सीपको विकास गराउन जम्मा ९४६ वटा प्रश्नहरू समावेश भएका छन् । जसमा कथा विधा अन्तर्गत सुनाइ सम्बन्धी ५४ वटा, बोलाइ सम्बन्धी ५२ वटा, पढाइ सम्बन्धी ४६ वटा र लेखाइ सम्बन्धी ११३ वटा गरी जम्मा २६५ वटा अर्थात कुल संख्याको २८.०१ प्रतिशत प्रश्नहरू कथा विधामा समावेश भएका छन् । कविता विधा अन्तर्गत रहेर भाषिक सीप सम्बन्धी प्रश्नको विश्लेषण गर्दा सुनाइ सम्बन्धी २४ वटा, बोलाइ सम्बन्धी ६० वटा, पढाइ सम्बन्धी १८ वटा र लेखाइ सम्बन्धी ६३ वटा, गरी जम्मा १६५ जटा प्रश्न अर्थात कुल प्रश्न संख्याको १७.४४ प्रतिशत प्रश्नहरू समावेश गरिएको छन् ।

जीवनी विधा अन्तर्गत रहेर भाषिक सीप सम्बन्धी प्रश्नको विश्लेषण गर्दा सुनाइ सीपसँग सम्बन्धित २२ वटा, पढाइ सीपसँग सम्बन्धित २६ वटा र लेखाइ सीपसँग सम्बन्धित ५१ वटा गरी जम्मा ११७ वटा प्रश्न अर्थात कुल प्रश्न संख्याको १२.३६ प्रतिशत प्रश्नहरू जीवनी विधामा समावेश गरिएका छन् ।

निबन्ध विधा अन्तर्गत रहेर भाषिक सीप सम्बन्धी प्रश्नको विश्लेषण गर्दा सुनाइ सम्बन्धी २३ वटा, बोलाइ सम्बन्धी २५ वटा, पढाइ सम्बन्धी १७ वटा र लेखाइ सम्बन्धी ४६ वटा गरी जम्मा १११ अर्थात कुल प्रश्न संख्याको ११.७३ प्रतिशत प्रश्न्हरू निबन्ध विधामा अन्तर्गत प्रश्नमा समावेश गरिएका छन् । मनोवाद विधा अन्तर्गत भाषिक सीपको विश्लेषण गर्दा सुनाइ सम्बन्धी २५ वटा, बोलाइ सम्बन्धि ३१ वटा प्रश्न, पढाइ सम्बन्धी १४ वटा प्रश्न र लेखाइ सम्बन्धी २५ वटा गरी जम्मा ९५ वटा प्रश्न अर्थात कुल प्रश्न संख्याको १०.०४ प्रतिशत प्रश्नहरू मनोवाद विधा अन्तर्गत अभ्यासमा समावेश भएका छन् ।

चिठी विधा अन्तर्गत रहेर भाषिक सीपको विश्लेषण गर्दा सुनाइ सम्बन्धी १० वटा प्रश्न बोलाइ सीप सम्बन्धी ११ वटा प्रश्न, पढाइ सीप सम्बन्धी १४ वटा प्रश्न र लेखाइ सीप सम्बन्धी ५५ वटा प्रश्नगरी जम्मा ९० वटा अर्थात कुल प्रश्नको ९.५१ प्रतिशत प्रश्नहरू समावेश भएका छन् ।

एकाङ्की विधा अन्तर्गत रहेर भाषिक सीपको विश्लेषण गर्दा सुनाइ सम्बन्धी ९ वटा प्रश्न, बोलाइ सीप सम्बन्धी ८ वटा प्रश्न, पढाइ सीप सम्बन्धी ९ वटा प्रश्न र लेखाइ सीप सम्बन्धी २३ वटा प्रश्न गरी जम्मा ४९ वटा अर्थात कुल प्रश्नको ५.२० प्रतिशत प्रश्नहरू एकाङ्की विधा अन्तर्गत अभ्यासमा समावेश भएका छन् ।

समग्रमा भाषिक सीप सम्बन्धी सम्पूर्ण विधालाई समेटी अध्ययन गर्दा नेपाली पाठ्यपुस्तकमा सुनाइ सीप विकासका लागि १७७ वटा प्रश्न अर्थात कुल प्रश्न संख्याको १८.७ प्रतिशत प्रश्नहरू समावेश गरिएका छन् । बोलाइ सीप विकासका लागि २२३ वटा प्रश्नहरू समावेश गरिएको पाइन्छ । पढाइ सीप विकासका लागि १५५ वटा प्रश्न अर्थात कुल प्रश्न संख्याको १६.३८ प्रतिशत प्रश्नहरू समावेश भएका छन् । त्यसै गरी लेखाइ सीप विकासका लागि  ४०१ प्रश्न अर्थात कुल प्रश्न संख्याको ४२.३८ प्रतिशत प्रश्नहरू समावेश गरिएको पाइन्छ ।

माथिको तथ्याङ्कलाई समग्रमा विश्लेषण गर्दा नेपाली पाठ्यपुस्तकमा लेखाइ सीपको विकास गराउने अभ्यासात्मक प्रश्नहरू अधिक मात्रामा रहेको पाइन्छ त्यसपछि बोलाइ, सुनाइ, सीप सम्बन्धी प्रश्नहरू मध्यम रहेका छन भने पढाइ सीप सम्बन्धी प्रश्नहरूलाई केहि बृद्धि गर्नुपर्ने देखिन्छ ।

### ४.४ कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन

यस अध्ययनमा दुई समानान्तर पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूलाई नै तथ्याङ्को मूल स्रोत मानी सङ्कलन गरिएका तथ्याङ्कका आधारमा विश्लेषण र तुलना गरी यो अध्ययन गरिएको छ । यस अध्ययनमा तुलना गर्ने क्रममा 'नेपाली भाषा पाठ्यपुस्तक (२०६४)' लाई पहिलो पक्ष र 'भाषा पाठ्यपुस्तक (२०७३) लाई दोस्रो पक्ष मानिएको छ ।'

#### ४.४.१ शब्दार्थको तुलनात्मक अध्ययन

**तालिका नं. ९ शब्दार्थको तुलनात्मक विवरण**

| क.सं. | शब्दार्थ किसिम | नेपाली भाषा पाठ्यपुस्तक २०६४ | | नेपाली भाषा पाठ्यपुस्तक २०७३ | |
|---|---|---|---|---|---|
| | | शब्द संख्या | प्रतिशत | शब्द संख्या | प्रतिशत |
| १ | पारिभाषिक/प्राविधिक | १८९ | ३४.८० | ९९ | ३१.८३ |
| २ | पर्यायवाची | ३१२ | ५७.४६ | १७१ | ५४.९८ |
| ३ | अनेकार्थक | १८ | ३.३१ | १५ | ४.८२ |
| ४ | विपरीतार्थक | ६ | १.१० | ५ | १.६१ |
| ५ | अनुकरणात्मक | २ | ०.३६ | १८ | ५.७८ |
| ६ | उखान टुक्का | ९ | १.६५ | - | - |
| ७ | श्रुतिसमभिन्नार्थक | ७ | १.२८ | ३ | ०.९६ |
| | जम्मा | ५४३ | १०० | ३११ | १०० |

माथिको तालिकामा कक्षा १० को 'नेपाली पाठ्यपुस्तक २०६४' र 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' भित्र समावेश गरिएका कठिन शब्दार्थको तुलनात्मक तथ्याङ्क प्रस्तुत गरिएको छ । उल्लेखित तथ्याङ्क अनुसार कठिन शब्दार्थको तुलनात्मक तथ्याङ्क प्रस्तुत गरिएको छ । उल्लेखित तथ्याङ्क अनुसार 'नेपाली पाठ्यपुस्तक २०६४' मा पारिभाषिक/प्राविधिक शब्द संख्या १८९ वटा अर्थात ३४.८०% रहेका छन् भने पाठ्यपुस्तक २०७३ भित्र ९९ अर्थात ३१.८३% शब्दार्थ रहेका छन् । यस आधारमा हेर्दा नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा पारिभाषिक/ प्राविधिक शब्दहरू बढी रहेका छन् ।

त्यस्तै गरी 'नेपाली पाठ्यपुस्तक २०६४' मा पर्यायवाची शब्दसंख्या ३१२ अर्थात ५७.४६% छन् भने 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' मा १७१ शब्द संख्या अर्थात ५४.९८% रहेका छन् । यस आधारमा तुलना गर्दा नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा पर्यायवाची शब्दसंख्या भाषा पाठ्यपुस्तक २०७३ मा भन्दा बढी रहेका छन् ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा अनेकार्थक शब्दसंख्या १८ अर्थात ३.३१% छन् भने 'पाठ्यपुस्तक २०७३' मा १५ शब्द अर्थात ४.८२% रहेका छन् । नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा भन्दा पाठ्यपुस्तक २०७३ मा अनेकार्थक शब्दहरू बढी रहेका छन् ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा विपरीतार्थक शब्दसंख्या ६ वटा अथवा १.१०% छन् भने 'पाठ्यपुस्तक २०७३' मा ५ शब्दसंख्या अथवा १.६१% रहेका छन् । नेपाली पाठ्यपुस्तक २०६४ मा भन्दा नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा विपरीतार्थक शब्द केही मात्रामा बढी देखिन्छ ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा अनुकरणात्मक शब्द २ वटा अर्थात ०.३६% छन् भने भाषा पाठ्यपुस्तक २०७३ मा १८ शब्द संख्या अर्थात ५.७८% रहेका छन् । यस आधारमा तुलना गर्दा नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा अनुकरणात्मक शब्दहरू बढी रहेका छन् ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा उखान टुक्का शब्द संख्या ९ वटा अर्थात १.६५% रहेका छने भने 'भाषा पाठ्यपुस्तक २०७३' मा उखान टुक्का शब्दहरू रहेको पाइदैन

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा श्रुतिसमभिन्नार्थक शब्द संख्या ७ वटा अर्था १.२८% रहेका छन् भने 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' मा ३ शब्दसंख्या अर्थात ०.९६% रहेका छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भाषा पाठ्यपुस्तक २०७३ मा भन्दा बढी श्रुतिसमभिन्नार्थक शब्दहरू रहेका छन् ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' र 'भाषा पाठ्यपुस्तक २०७३' भित्र समावेश भएका शब्दार्थ सम्बन्धी विवरणलाई तुलना गर्दा परिमार्जित नेपाली शब्दार्थ विवरणमा शब्द संख्या कम भएतापनि 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा केही परिष्कृत देखिन्छ ।

'भाषा पाठ्यपुस्तक २०७३' मा अनेकार्थक, विपरीतार्थक र अनुकरणात्मक शब्द संख्या 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा बढी रहेका छन् ।

### ४.४.२ विधा सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

**तालिका नं १० विधा सम्बन्धी अभ्यासको तुलनात्मक विवरण**

| क्र. सं. | विधा | अभ्यासको तहगत विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली भाषा पाठ्यपुस्तक २०६४ | | | | | | नेपाली भाषा पाठ्यपुस्तक २०७३ | | | | | |
| | | बोध | प्रयोग | उच्च दक्षता | सिर्जनात्मक | जम्मा | प्रतिशत | बोध | प्रयोग | उच्च दक्षता | सिर्जनात्मक | जम्मा | प्रतिशत |
| १ | कविता | १०१ | ३० | १० | ५ | १४६ | १८.०२ | ९३ | ५८ | २१ | ५ | १७७ | १७.७१ |
| २ | कथा | ११९ | ३५ | ११ | ४ | १६९ | २०.८६ | १४७ | ९३ | ३१ | ७ | २७८ | २७.६६ |
| ३ | निबन्ध | ८२ | २५ | ९ | ६ | १२२ | १५.०६ | ६१ | २७ | १६ | ३ | १०७ | १०.६५ |
| ४ | जीवनी | ११४ | ३५ | १२ | ३ | १६४ | २०.०२ | ५७ | ७२ | १४ | ४ | १४७ | १४.६३ |
| ५ | मनोवाद | ४४ | २३ | १० | ६ | ८३ | १०.२५ | ६१ | २२ | १२ | ५ | १०० | ९.५० |
| ६ | चिठी | २८ | २२ | ४ | १ | ५५ | ७.०३ | ४४ | ४० | ८ | १ | ९३ | ९.२५ |
| ७ | वादविवाद | १ | ५ | ८ | २ | १४ | १.७३ | ३६ | १९ | ५ | ४ | ७४ | ७.३६ |
| ८ | एकाङ्की | ३८ | ८ | ९ | - | ५७ | ७.०३ | २२ | १३ | ३ | १ | ३९ | ३.२४ |
| | जम्मा | ५२७ | १८३ | ७३ | २७ | ८१० | | | ३४४ | ११० | ३० | १००५ | |
| | प्रतिशत | ७५.०६ | २२.५९ | ९.०१ | ३.३३ | | १०० | ५१.८४ | ३४.२३ | १०.९५ | २.९८ | | १०० |
| | | | | | | | | | | | | | |

माथि उल्लेखित तालिकामा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' र 'भाषा पाठ्यपुस्तक २०७३' मा समावेश भएका विधाहरूमा भएका नमुना अभ्यासहरूको तुलनात्मक तथ्याङ्क उल्लेख गरिएको छ । यस तालिका अनुसार ४ वटा तहगत आधारमा बोध, प्रयोग, उच्च दक्षता र सिर्जनात्मकताका आधारमा नमुना अभ्यासहरूलाई वर्गीकरण गरिएको छ । कण्डस्थ गर्ने खालका अभ्यासहरू भाषा पाठ्यपुस्तकमा समावेश नभएका कारण यहाँ यसलाई समावेश गरिएको छैन् । नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा जम्मा १७ वटा पाठहरू रहेका छन् भने भाषा पाठ्यपुस्तक २०७३ मा जम्मा १६ वटा पाठशीर्षक समाविष्ट रहेका छन् ।

माथिको तालिका अनुसार 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' कविता विधामा बोध सम्बन्धी १०१, प्रयोगसम्बन्धी ३०, उच्च दक्षता १० र सिर्जनात्मक ५ गरी जम्मा १४६ वटा अर्थात १८.०२% प्रश्नहरू रहेका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा बोध सम्बन्धी ९३, प्रयोग सम्बन्धी ५८, उच्च दक्षता सम्बन्धी २१ र सिर्जनात्मक ५ गरी जम्मा १७७ अर्थात १७.७१% प्रश्नहरू समावेश भएका छन् । यसरी हेर्दा दुवै भाषा पाठ्यपुस्तकमा बोध तहका प्रश्नहरू अत्याधिक मात्रामा रहेका छन् । प्रयोग र उच्च दक्षता सम्बन्धी प्रश्न भाषा पाठ्यपुस्तक २०७३ मा बढी रहेका छन् भने सिर्जनात्मक प्रश्नहरू समानुपातिक मात्रामा रहेका छन् ।

कथा विधामा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध सम्बन्धी ११९, प्रयोग सम्बन्धी ३५, उच्च दक्षता सम्बन्धी ११ सिर्जनात्मक ४ गरी जम्मा १६९ वटा अर्थात २०.८६% प्रश्नहरू समावेश छन् भने भाषा पाठ्यपुस्तक २०७३ मा बोध सम्बन्धी १४७, प्रयोग सम्बन्धी ९३, उच्च दक्षता ३१ र सिर्जनात्मक ७ गरी जम्मा २७८ वटा प्रश्न अर्थात २७.६६% प्रश्नहरू रहेका छन् । यी दुवै भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा नै अभ्यासहरू बढी संख्यामा रहेको पाइन्छ । 'भाषा पाठ्यपुस्तक २०७३' मा बोध, प्रयोग, उच्च दक्षता र सिर्जनात्मक सम्पूर्ण आधारमा प्रश्नहरू 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा बढी मात्रामा रहेका छन् ।

निबन्ध विधा अन्तर्गत 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध सम्बन्धी ८२, प्रयोग सम्बन्धी २५, उच्च दक्षता ९ र सिर्जनात्मक ६ गरी जम्मा १२२ वटा अर्थात १५.०६% प्रश्नहरू समावेश भएका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' बोध सम्बन्धी ६१, प्रयोग सम्बन्धी २७, उच्च दक्षता १६ र सिर्जनात्मक ३ गरी जम्मा १०७ वटा प्रश्न अर्थात १०.६५% प्रश्नहरू समावेश छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा अभ्यासहरू संख्यात्मक रुपमा कम देखिन्छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा प्रयोग, उच्च दक्षता र सिर्जनात्मक प्रश्नहरू बढी मात्रा रहेका छन् ।

जीवनी विधा अन्तर्गत 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध सम्बन्धी १४२ वटा, प्रयोग सम्बन्धी ५७ वटा, उच्च दक्षता १६ वटा र सिर्जनात्मक ४ गरी जम्मा २१९

वटा अर्थात २७.०३% प्रश्नहरू समावेश भएका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा बोध सम्बन्धी ५७ वटा, प्रयोग सम्बन्धी ७२, उच्च दक्षता सम्बन्धी १४ र सिर्जनात्मक ४ गरी जम्मा १४७ वटा अर्थात १४.६३% प्रश्नहरू अभ्यासमा समावेश भएका छन् । यस तथ्याङ्कको तुलना गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा 'भाषा पाठ्यपुस्तक २०७३' मा भन्दा बढी अभ्यासहरू रहेका छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' ले बोध सम्बन्धी बढी र 'भाषा पाठ्यपुस्तक २०७३' ले प्रयोगात्मक प्रश्नलाई बढी जोड दिएको पाइन्छ । सिर्जनात्मक अभ्यास सम्बन्धी अभ्यासहरू विकास गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ ।

मनोवाद २ वटा पाठ रहेका छन् । जसमा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध अन्तर्गत २३ उच्च दक्षता १० र सिर्जनात्मक ६ गरी जम्मा ८३ अर्थात १०.२५% प्रश्नहरू समावेश भएका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' बोध सम्बन्धी ६१, प्रयोग सम्बन्धी २२, उच्च दक्षता १२, सिर्जनात्मक ५ गरी जम्मा १०० अर्थात ९.५०% प्रश्नहरू समावेश भएका छन् । यस तथ्याङ्कलाई तुलना गर्दा बोध र उच्च दक्षता सम्बन्धी प्रश्नहरू नेपाली भाषा पाठ्यपस्तक २०६४ मा भन्दा भाषा पाठ्यपुस्तक २०७३ मा नै बढी अभ्यासहरू रहेका छन् भने प्रयोगात्मक र सिर्जनात्मक अभ्यासका प्रश्नहरू भाषा पाठ्यपुस्तक २०७३ मा बढाउनु पर्ने देखिन्छ ।

चिठी अन्तर्गत २ वटा पाठहरू रहेका छन् । जस अन्तर्गत 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध सम्बन्धी २८, प्रयोग सम्बन्धी २२, उच्च दक्षता ४ र सिर्जनात्मक १ गरी जम्मा ५५ वटा अर्थात कुल संख्याको ७.०३% अभ्यासहरू समावेश भएका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा बोध सम्बन्धी ४४, प्रयोग सम्बन्धी ४०, उच्च दक्षता ८ र सिर्जनात्मक १ गरी जम्मा ९२ अथवा कुल संख्याको ९.२५% प्रश्नहरू समावेश भएका छन् । यस तथ्यको तुलना गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा सम्पूर्ण क्षेत्रका अभ्यासहरू अत्यधिक रहेको पाइन्छ ।

वादविवाद 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध सम्बन्धी १ वटा, प्रयोग सम्बन्धी ५, उच्च दक्षता ८ र सिर्जनात्मक अन्तर्गत प्रश्नहरू समावेश गरिएको छैन । यसलाई हेर्दा जम्मा १४ प्रश्न अर्थात १.७३% प्रश्नहरू समावेश रहेका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' बोध सम्बन्धी ३६, प्रयोग सम्बन्धी १९, उच्च दक्षता ५ र सिर्जनात्मक प्रश्न ४ वटा गरी जम्मा ७४ अर्थात ७.३६% प्रश्नहरू समावेश भएका छन् । यसरी हेर्दा

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा बोध र प्रयोग सम्बन्धी अभ्यासहरू अत्यधिक मात्रामा रहेको पाइन्छ ।

एकाङ्की बोध सम्बन्धी ३८ प्रयोग सम्बन्धी ८, उच्च दक्षता ९ र सिर्जनात्मकमा २ जम्मा ५७ अर्थात ७.०३ प्रश्नहरू अभ्यासमा समावेश गरिएको छ । बोध सम्बन्धी २२, प्रयोग १३ उच्च ३ सिर्जनात्मक १ जम्मा ३९ अर्थात ३.२४ प्रश्नहरू समावेश रहेका छन् ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भएका नमुना अभ्यासको अध्ययन गरी सम्पूर्ण विधालाई एकै पटक विश्लेषण गर्दा बोध अन्तर्गत ५२७ अर्थात कुल संख्याको ७५.०६% प्रश्न, प्रयोग अन्तर्गत १८३ अथवा २२.५९%, उच्च दक्षता, अन्तर्गत ७३ प्रश्न अर्थात ९.०१% प्रश्न र सिर्जनात्मक २७ अर्थात ३.३३% प्रश्नहरू नमुना अभ्यासका रुपमा रहेका छन् । त्यस्ते गरी 'भाषा पाठ्यपुस्तक २०७३' मा भएका सम्पूर्ण विधालाई एकै पटक विश्लेषण गर्दा बोध अन्तर्गत ५२१ वटा प्रश्न अर्थात कुल संख्याको ५१.८४% प्रश्न, प्रयोग अन्तर्गत ३४४ प्रश्न अर्थात ३४.२३%, उच्च दक्षता अन्तर्गत ११० अर्थात १०.९५% प्रश्न र सिर्जनात्मक ३० अर्थात २.९८% प्रश्नहरू समावेश रहेका छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा सम्पूर्ण प्रश्न संख्या ८१० रहेका छन् भने ' भाषा पाठ्यपुस्तक २०७३' मा सम्पूर्ण विधा सम्बन्धी प्रश्न संख्या १००५ रहेका छन् ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध र सिर्जनात्मक प्रश्न सम्बन्धी नमुना अभ्यासहरू बढी रहेका छन् त्यस्तै प्रयोग र उच्च दक्षता अभिवृद्धि गर्ने प्रश्नहरू न्यून रहेको पाइन्छ भने 'भाषा पाठ्यपुस्तक २०७३' मा प्रयोगात्मक र उच्च दक्षताका प्रश्नहरू बढी रहेका छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' मा बोध र सिर्जनात्मक प्रश्नहरू पनि प्रयोग र उच्च दक्षताका प्रश्नहरू जस्तै समानुपातिक रुपले वितरण गर्न सके अझ बढी प्रभावकारी हुने देखिन्छ ।

### ४.४.३ व्याकरण सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

**तालिका नं ११ व्याकरण सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन**

| क्र. सं. | व्याकरण शीर्षक | नेपाली भाषा पाठ्यपुस्तक २०६४ | | | | | | नेपाली भाषा पाठ्यपुस्तक २०७३ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिचयात मक | धारणत्म क | प्रयोगात मक | पहिचानात मक | जम्मा | प्रतिशत | परिच यात्म क | धारणत्म क | प्रयोगात मक | पहिचाना त्मक | जम्मा | प्रतिशत |
| १ | शब्दवर्ग | ७ | - | १३ | ७ | २७ | २३.६८ | ५ | २ | २ | ९ | १८ | १४.०६ |
| २ | पदसङ्गति | - | १ | ४ | - | ५ | ४.३८ | - | ५ | २ | ३ | १० | ७.८२ |
| ३ | काल र पक्ष | २ | ४ | ७ | - | १३ | ११.४ | ४ | १० | १६ | ७ | ३७ | २८.९० |
| ४ | शब्दभण्डार | ५ | ४ | १७ | १ | २७ | २३.६८ | - | - | - | - | - | - |
| ५ | भाव र अर्थ | २ | - | २ | - | ४ | ३.५१ | - | २ | २ | - | ४ | ३.१२ |
| ६ | वाक्य परिवर्तन | १ | १ | ३ | १ | ६ | ५.२६ | - | ३ | २ | - | ५ | ३.९१ |
| ७ | वाक्य र यसका प्रकार | १ | १ | १ | १ | ४ | ३.५१ | २ | - | ५ | १ | ८ | ६.२५ |
| | लेख्य चिन्ह | १ | - | २ | - | ३ | २.६३ | - | - | १ | २ | ३ | २.३४ |
| | कारक र विभक्ति | - | १ | २ | ३ | ६ | ५.२६ | २ | ३ | ७ | ४ | १६ | १२.५ |
| | वर्णविन्यास | १ | १ | ५ | १ | ८ | ७.०२ | - | १ | - | १ | २ | १.५६ |
| | शब्दनिर्माण | - | - | ३ | २ | ५ | ४.३८ | २ | ४ | ८ | २ | १६ | १२.५ |
| | पदयोग र पदवियोग | १ | - | १ | १ | ३ | २.६३ | - | - | - | - | - | - |
| | समास | १ | १ | - | १ | ३ | २.६३ | - | - | - | - | - | - |
| | वाच्य | - | - | - | - | - | - | ४ | २ | - | - | ६ | ४.६८ |
| | वाक्य संश्लेषण र विश्लेषण | - | - | - | - | - | - | - | ३ | - | - | ३ | २.३४ |
| | जम्मा | २२ | १४ | ६० | १८ | ११४ | | १९ | ३५ | ४५ | २९ | १२८ | |
| | प्रतिशत | १९.२९ | १२.२८ | ५२.६३ | १५.७८ | | १०० | १४.८४ | २७.३४ | ३५.१५ | २२.६५ | | १०० |

माथिको तालिकामा कक्षा १० को 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' र 'भाषा पाठ्यपुस्तक २०७३' मा समाविष्ट भएका व्याकरण पक्षको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ । यसका लागि परिचयात्मक, धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक गरी जम्मा चार वटा आधारमा व्याकरणको फरक फरक शीर्षक राखी शीर्षक अनसारको प्रतिशाताङ्क पनि प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्क अनुसार 'नेपाली भाषा पाठ्यपुस्तक

२०६४’ मा शब्दवर्ग अर्न्तात परिचयात्मक ७, प्रयोगात्मक १३ र पहिचानात्मक ७ गरी जम्मा २७ वटा अर्थात २३.६८% प्रश्नहरू रहेका छन् भने ‘भाषा पाठ्यपुस्तक २०७३’ मा ममम

परिचयात्मक ५ धारणात्मक २, प्रयोगात्मक २, पहिचानात्मक ९ गरी जम्मा १८ वटा अर्थात १४.०६% रहेका छन् । यस आधारमा हेर्दा ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा भन्दा ‘भाषा पाठ्यपुस्तक २०७३’ मा शब्द वर्ग सम्बन्धी अभ्यासहरू कम रहेका छन् । अभ्यासहरू कम रहेता पनि सबै प्रकारका अभ्यासहरू राखिएको पाइन्छ ।

पदसङ्गति अन्तर्गत ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा धारणात्मक १, प्रयोगात्मक ४ गरी जम्मा ५ वटा अर्थात ४.३८% प्रश्नहरू समावेश छन् भने ‘भाषा पाठ्यपुस्तक २०७३’ मा धारणात्मक ५, प्रयोगात्मक २, पहिचानात्मक ३ गरी जम्मा १० अथवा ७.८१% अभ्यासहरू रहेको छन् । यस आधारमा तुलना गर्दा ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा भन्दा ‘पाठ्यपुस्तक २०७३’ मा पदसङ्गति सम्बन्धी प्रश्नहरू बढी रहेको पाइन्छ ।

काल र त्यसका पक्ष अन्तर्गत ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा परिचयात्मक, धारणात्मक ४, प्रयोगात्मक ७ गरी जम्मा १३ वटा अर्थात ११.४% प्रश्नहरू रहेका छन् भने ‘भाषा पाठ्यपुस्तक २०७३’ मा परिचयात्मक ४, धारणात्मक १०, प्रयोगात्मक १६, पहिचानात्मक ७ गरी जम्मा ३७ वटा अर्थात २८.९०% अभ्यासहरू रहेका छन् । यसको विश्लेषण गर्दा ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा भन्दा ‘भाषा पाठ्यपुस्तक २०७३’ मा काल र यसका पक्षसँग सम्बन्धित अभ्यासहरू बढी रहेका साथै सबै किसिमका प्रश्नहरू समावेश भएको पाइन्छ ।

शब्दभण्डार सम्बन्धी प्रश्नको विश्लेषण गर्दा ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा परिचयात्मक ५, धारणात्मक ४, प्रयोगात्मक १७, पहिचानात्मक १ गरी जम्मा २७ अर्थात २३.६८% अभ्यासहरू समावेश भएका छन् भने ‘भाषा पाठ्यपुस्तक २०७३’ मा छुट्टै शब्दभण्डार शीर्षकमा अभ्यासहरू समावेश गरिएको पाइदैन ।

भाव र अर्थ सम्बन्धी प्रश्नको गर्दा ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा परिचयात्मक २, प्रयोगात्मक २ गरी जम्मा ४ वटा अर्थात ३.५१% अभ्यासहरू रहेका छन् ‘भाषा पाठ्यपुस्तक २०७३’ मा धारणात्मक २, प्रयोगात्मक २ गरी जम्मा ४ अथवा

३.१२% अभ्यासहरू रहेका छन् । यसको विशलेषण गर्दा दुवै भाषा पाठ्यपुस्तकमा लगभग भाव र अर्थ सम्बन्धी समानुपातिक रुपमा अभ्यासहरू रहेको पाइन्छ ।

वाक्य परिवर्तन अन्तर्गत 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा परिचयात्मक १, धारणात्मक १, प्रयोगात्मक १, पहिचानात्मक १ गरी जम्मा ४ वटा अर्थात ३.५१% अभ्यासहरू रहेका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा परिचयात्मक २, प्रयोगात्मक ५, पहिचानात्मक १ गरी जम्मा ८ वटा अर्थात ६.२५% प्रश्न रहेका छन् । यस आधारमा तुलना गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा वाक्य र यसका प्रकार सम्बन्धी प्रश्नहरू बढी रहेका छन् ।

'लेख्य चिन्ह' सम्बन्धी प्रश्नको विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा परिचयात्मक १ प्रयोगात्मक २ गरी जम्मा ३ वटा अर्थात २.६३% अभ्यासहरू रहेका छन् भने 'पाठ्यपुस्तक २०७३' मा प्रयोगात्मक १, पहिचानात्मक २ गरी जम्मा ३ वटा अर्थात २.३४% प्रश्नहरू समावेश छन् । यस तथ्याङ्कको विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा 'भाषा पाठ्यपुस्तक २०७३' मा भन्दा केही थोरै संख्यामा अभ्यास बढी रहेको पाइन्छ ।

कारक र विभक्ति अन्तर्गत 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा धारणात्मक १, प्रयोगात्मक २, पहिचानात्मक ३ गरी जम्मा ६ वटा अर्थात ५.२६% प्रश्नहरू समावेश छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा परिचयात्मक २, धारणात्मक ३, प्रयोगात्मक ७, पहिचानात्मक ४ गरी जम्मा १६ वटा अर्थात १२.५% प्रश्नहरू समावेश गरिएको छ । यस आधारमा विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा कारक र विभक्ति सम्बन्धी प्रश्नहरू बढी रहेको पाइन्छ ।

'वर्णविन्यास' सम्बन्धी व्याकरणात्मक पक्षको विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा परिचयात्मक १, धारणात्मक १, प्रयोगात्मक ५, पहिचानात्मक १ गरी जम्मा ८ वटा अर्थात ७.०२% प्रश्नहरू समावेश भव्एका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा धारणात्मक १, पहिचानात्मक १ गरी जम्मा २ वटा अर्थात १.५६% प्रश्नहरू समावेश भएका छन् । यस आधारमा तुलना गर्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा भन्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा वर्ण विन्यास सम्बन्धी अभ्यासका प्रश्नहरू बढी रहेको पाइन्छ ।

'शब्द निर्माण' अन्तर्गत 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा परिचयात्मक १, धारणात्मक १, प्रयोगात्मक ५, पहिचानात्मक १ गरी जम्मा ८ वटा अर्थात ७.०२% प्रश्नहरू समावेश छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा परिचयात्मक २, धारणात्मक ४, प्रयोगात्मक ८, पहिचानात्मक २ गरी जम्मा १६ वटा अर्थात १२.५% प्रश्नहरू शब्द निर्माण अन्तर्गत समावेश गरिएका छन् । यस तथ्यलाई विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा शब्द निर्माण सम्बन्धी प्रश्नहरू बढी मात्रामा रहेका छन् ।

'पदयोग र पदवियोग' अन्तर्गत रहेर प्रश्नको विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा परिचयात्मक १,प प्रयोगात्मक १, पहिचानात्मक १ गरी जम्मा ३ वटा २.३६% प्रश्नहरू समावेश भएका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा यो पक्षसँग सम्बन्धित प्रश्नहरू समावेश गरिएका छैनन् ।

'समास' सम्बन्धी व्याकरणात्मक पक्षको विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा परिचयात्मक १, धारणात्मक १, पहिचानात्मक १ गरी जम्मा ३ वटा अर्थात २.३६% प्रश्न्हरू समावेश भएका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा समास सम्बन्धी प्रश्नहरूलाई पुरै वेवास्ता गरी भाषा पाठ्यपुस्तकमा समावेश गरिएको छैन ।

'वाच्य' सम्बन्धी प्रश्नको विश्लेषण गर्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा परिचयात्मक ४, धारणात्मक २ गरी जम्मा ६ वट अर्थात ४.६८% प्रश्नहरू समावेश छन् भने 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा वाच्य सम्बन्धी प्रश्नहरू समावेश गरिएको छैन।

'वाक्य सश्लेषण र विश्लेषण' सम्बन्धी प्रश्नको विश्लेषण गर्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा धारणात्मक ३ अर्थात २.३४% प्रश्न समावेश भएका छन् भने 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा वाक्य संश्लेषण र विश्लेषण सम्बन्धी प्रश्नहरू समावेश भएका छैनन् ।

संख्यात्मक रुपमा तथ्याङ्कको विश्लेषण 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा ११४ वटा प्रश्नहरू समावेश छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा १२८ वटा प्रश्नहरू समावेश भएका छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा प्रयोगात्मक अभ्यास अत्याधिक बढी र अन्य अभ्यास कमी रहेको पाइन्छ भने 'भाषा पाठ्यपुस्तक २०७३' मा सबै

अभ्यासहरूको व्यवस्थापन समान महत्वका आधारमा गरिएको पाइन्छ । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा समावेश नभएका शीर्षकहरू 'भाषा पाठ्यपुस्तक २०७३' मा थप गरी प्राथमिकताका साथ राखिएको छ । यस आधारमा हेर्दा 'पाठ्यपुस्तक २०७३' बढी उपयोगीमूलक बनाउने प्रर्यत्न रहेको देखिन्छ ।

### ४.४.४ भाषिक सीप सम्बन्धी नमुना अभ्यासको तुलनात्मक अध्ययन

**तालिका नं. १२ भाषिक सीप सम्बन्धी अभ्यासको तुलना**

| क्र. सं. | भाषिक सीप | नेपाली भाषा पाठ्यपुस्तक २०६४ | | नेपाली भाषा पाठ्यपुस्तक २०७३ | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | सुनाइ | १ | ०.१३ | १७७ | १८.७१ |
| २ | बोलाइ | २१८ | २८.७५ | २२.३ | २३.५७ |
| ३ | पढाइ | २४० | ३१.६६ | १५५ | १६.३८ |
| ४ | लेखाइ | ३०० | ३९.६६ | ४०१ | ४२.३८ |
| | जम्मा | ७५८ | १०० | ९५६ | १०० |

माथिको तालिका कक्षा १० को 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' र 'भाषा पाठ्यपुस्तक २०७३' भित्र समाविष्ट भाषिक सीप सम्बन्धी अभ्यासको तुलनात्मक तथ्याङ्कीय सूचक देखाइएको छ । उक्त तालिका अनुसार 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा जम्मा भाषिक सीप विकास सम्बन्धी ७५८ वटा प्रश्न रहेका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा जम्मा ९५६ वटा प्रश्नहरू रहेका छन् । माथिको तालिका अनुसार भाषिक सीप सम्बन्धी नमुना अभ्यासलाई चार वटा सीपका आधारमा वर्गीकरण गरिएको छ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा सुनाइ सीप विकास गर्ने जम्मा १ वटा प्रश्न अर्थात कुल प्रश्न संख्याको ०.१३% प्रश्नहरू रहेका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा १७७ वटा प्रश्न अर्थात कुल प्रश्न संख्याको १८.७१% प्रश्नहरू रहेका छन् यस तथ्याङ्कलाई विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा सुनाइ सीप विकास गर्ने प्रश्नहरू बढी रहेको पाइन्छ ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोलाइ सीप विकास गर्ने २१८ वटा प्रश्न अर्थात कुल प्रश्न संख्या २८.७५% प्रश्नहरू रहेका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा २२३ प्रश्नहरू अर्थात कुल प्रश्न संख्याको २३.५७% प्रश्नहरू समावेश छन् । तथ्याङ्कलाई हेर्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा भन्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बढी बोलाइ सीप विकास गर्ने प्रश्नहरू रहेको पाइन्छ ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा पढाइ सीप विकास गर्ने २४० वटा प्रश्न अर्थात कुल प्रश्न संख्याको ३१.६६% प्रश्नहरू रहेका छन् 'भाषा पाठ्यपुस्तक २०७३' मा १५५ वटा प्रश्न अर्थात कुल प्रश्न संख्याको १६.३८% प्रश्नहरू समावेश छन् । यस तथ्याङ्कलाई विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा 'भाषा पाठ्यपुस्तक २०७३' मा भन्दा बढी पढाइ सीप विकास गर्ने किसिमका प्रश्नहरू समावेश भएको पाइन्छ ।

'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा लेखाइ सीप विकास गर्ने ३०० वटा प्रश्न अर्थात ३९.५७% प्रश्नहरू रहेका छने भने 'भाषा पाठ्यपुस्तक २०७३' मा ४०१ प्रश्न अर्थात ४२.३८% प्रश्नहरू रहेका छन् । तथ्याङ्कलाई हेर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा लेखाइ सीप विकास गर्ने प्रश्नहरू बढी मात्र रहेका छन्।

दुवै भाषा पाठ्यपुस्तकमा रहेका भाषिक सीप सम्बन्धी प्रश्नहरूको विश्लेषण गरी निष्कर्षमा भन्नु पर्दा सुनाइ सीप विकास गर्ने प्रश्न 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' मा अत्यन्तै बढी मात्राामा पाइन्छ तर 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा एउटा मात्र प्रश्न रहेको पाइन्छ । बोलाइ र पढाइ सीप विकास गर्ने 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा 'भाषा पाठ्यपुस्तक २०७३' मा भन्दा बढी मात्रामा रहेका छन् । लेखाइ सीपको विकास गर्ने प्रश्न दुवै भाषा पाठ्यपुस्तकमा अत्याधिक रुपमा रहेका छन् । 'भाषा पाठ्यपुस्तक २०७३' मा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा समानुपातिक वितरणलाई ख्याल गरिएको छ । सबै पक्षलाई केलाउदा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' अत्यन्तै राम्रो भाषा पाठ्यपुस्तकका रुपमा रहेको पाइन्छ ।

### ४.५ प्राप्ति तथा सारांश

#### ४.५.१ प्राप्ति

कक्षा १० को 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा समाविष्ट नमुना अभ्यासको विश्लेषण गर्दा शब्दार्थ, विधा, व्याकरण र भाषिक सीपमा केन्द्रित भएर विश्लेषण गरिएको छ । शब्दार्थको विश्लेषण गर्दा कक्षा १० को पुरानो नेपाली भाषा पाठ्यपुस्तक अन्तर्गत समावेश भएका १७ वटा पाठमा समाविष्ट सबै भन्दा बढी पर्यायावाची शब्दहरू रहेको पाइन्छ । त्यसपछि क्रमश : पारिभाषिक/प्राविधिक, अनेकार्थक शब्द, उखान टुक्का, श्रुतिसमभिन्नार्थक, विपरीतार्थक र अनुकरणात्मक शब्दहरू अत्यन्तै न्यून भएका कारण यस्ता शब्दहरू वृद्धि गर्नुपर्ने देखिन्छ । विधा केन्द्रित आधारमा हेदा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध सम्बन्धी प्रश्नहरू अत्यधिक रहेको पाइन्छ भने पयोग सम्बन्धी प्रश्नहरू मध्यम र उच्च दक्षता र सिर्जनात्मक क्षमताको विकास गर्ने खालका प्रश्न्हरू ज्यादै न्यून मात्रामा रहेको पाइन्छ । समग्र पक्षको तुलना गर्दा भाषा पाठ्यपुस्तकमा प्रयोगात्मक, उच्च दक्षता र सिर्जनात्मक किसिमका प्रश्नहरू बढाएर विद्यार्थीहरूमा भाषिक सीपगत क्षमता विकासमा थप सहयोग पुग्ने देखिन्छ । व्याकरणात्मक पक्षको अध्ययन विश्लेषण गर्दा सबै भन्दा बढी प्रयोगात्मक अभ्यासहरू रहेका छन् भने सबै भन्दा कम धारणात्मक अभ्यासहरू रहेका छन् । १४ वटा व्याकरण शीर्षकमा जम्मा ११४ वटा जम्मा अभ्यासहरू रहेका छन् । सबै भन्दा बढी अभ्यासहरू लेख्य चिन्ह, समास, पदयोग र पदवियोगसँग सम्बन्धित अभ्यासहरू रहेका छन् । भाषिक सीपका आधारमा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा समाविष्ट नमुना अभ्यासलाई हेर्दा जीवनी विधामा सबै भन्दा बढी भाषिक सीप सम्बन्धी प्रश्नहरू समावेश भएको पाइन्छ  भने लेखाइ सीपसँगै सम्बन्धित प्रश्नहरू सबै भन्दा बढी भाषा पाठ्यपुस्तकमा समावेश भएका छन् तर अन्य सीपसँग सम्बन्धित प्रश्नहरू अलिक मध्यम छन् । भाषा पाठ्यपुस्तकमा सम्पूर्ण पाठहरूमा सुनाइ सीपसँग सम्बन्धित प्रश्न जम्मा एउटा मात्र रहेको पाइन्छ । यो अत्यन्तै कमजोरी पक्ष हो ।

कक्षा १० को 'भाषा पाठ्यपुस्तक २०७३' मा समाविष्ट रहेका नमुना अभ्यासको विश्लेषण शब्दार्थ, विधा, व्याकरण र भाषिक सीप केन्द्रित आधारमा विश्लेषण गरिएको छ । कक्षा १० को नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा भएका शब्दार्थ सूचीमा पर्यायवाची, पारिभाषिक/प्राविधिक शब्दहरू पर्याप्त मात्रामा रहेको पाइन्छ भने श्रुतिसमभिन्नार्थक, अनेकार्थक, विपरीतार्थक, अनुकरणात्मक शब्दहरू वृद्धि गर्नुपर्ने देखिन्छ । उखान टुक्का

नगन्य मात्रामा भएकाले यसको संख्या वृद्धि गर्नुपर्ने देखिन्छ । विधा केन्द्रित आधारमा कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा सबै भन्दा बढी बोध सम्बन्धी प्रश्न, त्यस पछि प्रयोग र क्रमश उच्च दक्षता अनि सिर्जनात्मक क्षमता बढाउने खालका प्रश्नहरू अभिवृद्धि गर्ने खालका प्रश्नहरू बढाउनु पर्ने देखिन्छ । व्याकरण केन्द्रित आधारमा नयाँ नेपाली पाठ्यपुस्तमा सबै भन्दा बढी काल र त्यसका पक्षसँग सम्बन्धित अभ्यास रहेको पाइन्छ भने सबै भन्दा कम अभ्यासहरू वर्ण विन्याससँग सम्बन्धित अभ्यासहरू रहेको पाइन्छ । यस भाषा पाठ्यपुस्तकमा काल र पक्ष, शब्दवर्ग, कारक र विभक्ति, शब्द निर्माणसँग सम्बन्धित अभ्यासहरू अत्यन्तै राम्रो वा अत्याधिक मात्रामा रहेको पाइन्छ । शब्द निर्माण, भाव र अर्थ, वाक्य संश्लेषण र विश्लेषण, लेख्य चिन्ह, वाच्य, वाक्य परिवर्तन जस्ता शीर्षकमा प्रश्नहरू समानुपातिक ढङ्गले विस्तार गर्दा भाषा पाठ्यपुस्तक अझ परिष्कृत हुने देखिन्छ । भाषिक सीपका आधारमा 'भाषा पाठ्यपुस्तक २०७३' मा रहेका नमुना अभ्यासहरूलाई नियाल्दा लेखाइ सीप विकास गराउने अभ्यासात्मक प्रश्नहरू अधिक मात्रामा रहेको देखिन्छ ।

त्यस पछि बोलाइ, सुनाइ सीप सम्बन्धी प्रश्नहरू मध्यम रहेका छन् भने पढाइ सीप सम्बन्धी प्रश्नहरूलाई केही मात्रामा वृद्धि गर्नुपर्ने देखिन्छ ।

कक्षा १० को 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' र 'भाषा पाठ्यपुस्तक २०७३' मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्दा शब्दार्थ, विधा, व्याकरण र भाषिक सीपका आधारमा विश्लेषण गरिएको छ । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' र 'भाषा पाठ्यपुस्तक २०७३' भित्र समाविष्ट भएका शब्दार्थ सम्बन्धी विवरणलाई तुलना गर्दा परिमार्जित नेपालीमा शब्दार्थ विवरणमा शब्दसंख्या कम भएता पनि 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा केही परिष्कृत देखिन्छ । 'भाषा पाठ्यपुस्तक २०७३' मा अनेकार्थक, विपरीतार्थक र अनुकरणात्मक शब्द संख्या 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा बढी रहेका छन् । विधा केन्द्रित आधारमा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा बोध र सिर्जनात्मक प्रश्न सम्बन्धी नमुना अभ्यासहरू बढी रहेका छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' मा बोध र सिर्जनात्मक प्रश्नहरू पनि प्रयोग र उच्च दक्षताका प्रश्नहरू जस्तै समापातिक रुपले वितरण गर्न सके अझ बढी प्रभावकारी हुने देखिन्छ । व्याकरण केन्द्रित आधारमा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा प्रयोगात्मक अभ्यास

अत्यधिक बढी र अन्य अभ्यास कमी रहेको पाइन्छ भने 'भाषा पाठ्यपुस्तक २०७३' मा सबै अभ्यासहरूको व्यवस्थापन समान महत्वका आधारमा गरिएको पाइन्छ । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा समावेश नभएका शीर्षकहरू 'भाषा पाठ्यपुस्तक २०७३' मा थप गरी प्राथमिकताका साथ राखिएको छ । यस आधारमा हेर्दा 'भाषा पाठ्यपुस्तक २०७३' बढी उपयोगीमुलक बनाउने पर्याप्त रहेको देखिन्छ । दुवै भाषा पाठ्यपुस्तकमा रहेका भाषिक सीप सम्बन्धी प्रश्नहरूको विश्लेषण गरी निष्कर्षमा भन्नु पर्दा सुनाइ सीप विकास गर्ने प्रश्न 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' मा अत्यान्तै बढी मात्रामा पाइन्छ तर 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा एउटा मात्र प्रश्न रहेको पाइन्छ । बोलइ, पढाइ सीप विकास गर्ने प्रश्नहरू 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा 'भाषा पाठ्यपुस्तक २०७३' मा भन्दा बढी मात्रामा रहेका छन् । 'भाषा पाठ्यपुस्तक २०७३' मा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' भन्दा समानुपातिक वितरणलाई ख्याल गरिएको छ । सबै पक्षलाई केलाउदा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' अत्यन्तै राम्रो भाषा पाठ्यपुस्तकका रुपमा रहेको पाइन्छ ।

### ४.५.२ सारांश

शब्दार्थ, विधा, व्याकरण र भाािषक सीप सम्बन्धी गरिएको दुवै भाष पाठ्यपुस्तकका नमुना अभ्यास बीचको तुलनात्मक अध्ययनलाई सारांशगत रुपमा प्रस्तुत गरिएको छ ।

शब्दार्थको विश्लेषण गर्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा उखान टुक्का शब्दहरू नराखिएकाले यस शब्दहरूलाई स्थान दिनुपर्ने देखिन्छ भने 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा अनुकरणात्मक, विपरीतार्थक, श्रुति समभिनार्थक शब्दहरू अत्यन्तै कमी भएकाले उक्त शब्दहरू वृद्धि गर्नुपर्ने देखिन्छ । विधा सम्बन्धी विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा दैनिकी विधा अन्तर्गत सिर्जनात्मक अभ्यास नराखिएकाले समानुपातिक ढङ्गले बोध, प्रयोग, उच्च दक्षता र सिर्जनात्मक अभ्यासका प्रश्नहरू समावेश गर्नुपर्ने देखिन्छ भने 'भाषा पाठ्यपुस्तक २०७३' मा विधा सम्बन्धी प्रश्नहरू राम्रो देखिन्छ ।

व्याकरणात्मक पक्षलाई हेर्दा भाषा पाठ्यपुस्तकमा व्याकरण शीर्षक विधा अन्तर्गत राखिएको छ  भने दुवै भाषा पाठ्यपुस्तकमा प्रयोगात्मक अभ्यासहरू अत्यन्तै बढी छन् भने धारणात्मक अभ्यासहरू कम मात्रामा छन् भाषिक सीप अन्तर्गत दुवैलाई तुलनात्मक रुपमा हेदा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा सुनाइ सम्बन्धी प्रश्नहरू जम्मा एउटा वा शून्य मात्रामा रहेको देखिन्छ भने 'भाषा पाठ्यपुस्तक २०७३' मा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बन्धी प्रश्नहरू समानुपातिक ढङ्गले वृद्धि गर्ने प्रयास गरिएको छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

कक्षा १० को 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' मा प्रयुक्त नमुना अभ्यासहरूको व्याख्या विश्लेषण र तुलनाको आधारमा निम्न निष्कर्ष निकाल्न सकिन्छ :

### ५.१.१ 'नेपाली भाषा पाठ्यपुस्तक २०६४'

१. यस भाषा पाठ्यपुस्तक कठिन शब्दका लागि दिइएका शब्दहरूलाई पर्यायवाची र पारिभाषिक तवरबाट बढी अर्थ्याइएको पाइन्छ । अनेकार्थक, उखानटुक्का, श्रुतिसमभिन्नार्थक, विपरीतार्थक र अनुकरणात्मक शब्दहरू न्यून मात्रामा रहेका छन् ।

२. विधा सम्बन्धी अध्ययन तर्फ जीवन, कथा, कविता, विधामा उच्च दक्षता अभ्यासलाई जोड दिएको छ भने जीवनी विधामा बोध र प्रयोग सम्बन्धी अभ्यासहरूलाई जोड दिइएको पाइन्छ । आधा भन्दा बढी नमुना अभ्यासहरू बोध तहका छन् भने क्रमश प्रयोग, उच्च दक्षता र सिर्जनात्मक तहका प्रश्नहरू घट्दो क्रममा छन् ।

३. व्याकरण अन्तर्गत शब्द भण्डार र शब्द वर्गको विकास गराउने सबै भन्दा बढी अभ्यास रहेको पाइन्छ भने समास, पदयोग र पदवियोग, लेख्य चिन्ह सम्बन्धी अभ्यासहरू अत्यन्त न्यून मात्रामा रहेको पाइन्छ । त्यसै गरी प्रयोगात्मक किसिमका प्रश्नहरूमा बढी जोड र धारणात्मक किसिमका अभ्यासहरूमा कम जोड दिइएको पाइन्छ ।

४. भाषिक सीप सम्बन्धी अभ्यासको विश्लेषणबाट लेखाइ सम्बन्धी अभ्यासहरू सबै भन्दा बढी र सुनाइ सम्बन्धी सबै भन्दा कम रहेको पाइन्छ । त्यस पछिको क्रम बोलाइ र पढाइको रहेको छ । पढाइ र बोलाइ भन्दा सुनाइसँग सम्बन्धित अभ्यास कम राखिनुले सुनाइ सीपलाई कम महत्त्व दिएको पाइन्छ । त्यसैले पाठ्यक्रममा तोकिए बमोजिम लेखाइ, पढाइ र सुनाइ, बोलाइको क्रममा महत्त्वदिनुपर्नेमा त्यसो भएको पाइदैन् ।

५. भाषा पाठ्यपुस्तकभित्र विधागत अभ्यासभित्र नै व्याकरण पक्षलाई समावेश गरिएको छ।

६. अभ्यासको अधिकांश समस्याहरू शब्द भण्डारमा आधारित गरी निर्माण गरिएको पाइन्छ । अभ्यासमा दिइएका प्रश्नहरू स्तर अनुकूल र पाठसँग सम्बन्धित नै रहेको पाइन्छ ।

**५.१.२ 'भाषा पाठ्यपुस्तक २०७३'**

१. यस भाषा पाठ्यपुस्तकमा कठिन शब्दको अर्थ बोध गर्न सहजताका लागि प्रत्येक पेजको अन्त्यमा कठिन लाग्ने शब्दहरू प्रस्तुत गरिएको पाइन्छ भने पर्यायवाची, पारिभाषिक/प्राविधिक शब्दहरू अधिक मात्रामा रहेका छन् । श्रृतिसमभिन्नार्थक र विपरीतार्थक शब्दहरू अत्यन्तै न्यून मात्रामा रहेको पाइन्छ ।

२. उखान टुक्का सम्बन्धी शब्दार्थहरू शब्दार्थ सूचीमा राखिएको छैन ।

३. 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा प्रयोग र उच्च दक्षता सम्बन्धी प्रश्न बहुत मात्रामा समेटिएको पाइन्छ ।

४. विधा सम्बन्धी नमुना अभ्यास अन्तर्गत बोध तहमा सबै भन्दा बढी नमुना अभ्यासहरू रहेको पाइन्छ भने केही कम संख्यामा प्रयोग, उच्च दक्षता र सिर्जनात्मक अभ्यास न्यून मात्रामा रहेका छन् ।

५. व्याकरण अन्तर्गत काल र पक्ष, शब्दवर्गसँग सम्बन्धित अभ्यासहरू सबै भन्दा बढी र वर्णविन्यास लेख्य चिन्हसँग सम्बन्धित अभ्यासहरू अत्यन्तै न्यून रहेको पाइन्छ । प्रयोगात्मक क्षमताको विकास गर्ने प्रश्नहरूको वाहुल्यता छ भने क्रमश धारणात्मक पहिचानात्मक र परिचयात्मक अभ्यास अलिक कम संख्यामा रहेको पाइन्छ ।

व्याकरणका अभ्यासलाई पनि विधागत अभ्याससँग छ्यासमिस गरेर समावेश गरिएकाले विद्यार्थीलाई विधागत अभ्याससँगै व्याकरण सिक्नु पर्ने वातावरण उच्च दक्षता भएको पाइन्छ ।

६. सीप विकासका लागि नमुना अभ्यासको विश्लेषण गर्दा लेखाइ सीप विकास गराउने खालका अभ्यासमा अत्यधिक जोड दिइएको पाइन्छ भने क्रमश बोलाइ, सुनाइ, पढाइ सीप विकासमा अभ्यासहरू पाठ्यक्रम अनुकूल रहेको पाइन्छ । भाषिक सीपमा दक्षता हासिल गराउन विभिन्न किसिमका प्रश्नहरूको सहायता लिएको पाइन्छ ।

### ५.१.३ तुलनात्मक निष्कर्ष

१. शब्दार्थको तुलनात्मक विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा भन्दा 'भाषा पाठ्यपुस्तक २०७३' मा २३२ वटा शब्द संख्या कम रहेको छ । उखान टुक्का जनित शब्दार्थ 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा पाइन्छ तर 'भाषा पाठ्यपुस्तक २०७३' मा समावेश रहेको छैन । भाषा पाठ्यपुस्तक २०६४ मा कठिन शब्दहरू दोहोरिएको र सजिला शब्दहरू पनि समावेश गरिएको पाइन्छ भने 'भाषा पाठ्यपुस्तक २०७३' मा समावेश रहेको छैन । भाषा पाठ्यपुस्तक २०६४ मा कठिन शब्दहरू दोहोरिएको र सजिला शब्दहरू पनि समावेश गरिएको पाइन्छ भने 'भाषा पाठ्यपुस्तक २०७३' मा त्यस्ता त्रुटिहरूमा केही हद न्यूनता रहेको पाइन्छ । त्यस्तै गरी दुवै भाषा पाठ्यपुस्तक पयार्यवाची, पारिभाषिक/प्राविधिक शब्दहरूको वाहुल्यता रहेको पाइन्छ ।

२. दुवै भाषा पाठ्यपुस्तकमा भाषिक सीप सम्बन्धी अभ्यासमा लेखाइलाई अधिक मात्रमा जोड दिइएको पाइन्छ भने 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा सुनाइ र बोलाइ सीपलाई एकै ठाउँमा राखिएको छ तर 'भाषा पाठ्यपुस्तक २०७३' मा सुनाइ र बोलाइ सीपलाई अलगै राखेर भाषिक सीप निर्धारण गरिएको छ । 'पाठ्यपुस्तक २०६४' मा भाषिक सीपसँग सम्बन्धित जम्मा ७५८ प्रश्नहरू समावेश छन् भने 'नेपाली भाषा पाठ्यपुस्तक २०७३' मा जम्मा ९५६ प्रश्नहरू अभ्यासमा समावेश भएको पाइन्छ ।

३. व्याकरणात्मक पक्षको संख्यात्मक रुपमा विश्लेषण गर्दा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा ११४ वटा प्रश्नहरू समावेश छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा १२८ वटा प्रश्नहरू समावेश भएका छन् । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा प्रयोगात्मक अभ्यास अत्याधिक बढी र अन्य अभ्यास कम रहेको पाइन्छ भने 'भाषा पाठ्यपुस्तक २०७३' मा सबै अभ्यासहरूको व्यवस्थापन समान महत्वका आधारमा गरिएको पाइन्छ । 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा समावेश नभएका शीर्षकहरू 'भाषा पाठ्यपुस्तक २०७३' मा थप गरी प्राथमिकताका साथ गरिएको छ । यस आधारमा हेर्दा 'भाषा पाठ्यपुस्तक २०७३' बढी उपयोगीमूलक बनाउने प्रर्यत्न रहेको पाइन्छ ।

४. संख्यात्मक रुपमा 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' मा ८१० वटा प्रश्नहरू रहेका छन् भने 'भाषा पाठ्यपुस्तक २०७३' मा १००५ वटा प्रश्नहरू रहेका छन् । यस उदाहरणले अभ्यासमा पर्याप्तता छुट्टै भएको देख्न सकिन्छ ।

५. ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा भन्दा ‘भाषा पाठ्यपुस्तक २०७३’ मा अभ्यासमा विविधता ल्याउने प्रयास गरिएको छ ।

६. ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा १७ वटा पाठ समावेश भएका छन् भने ‘भाषा पाठ्यपुस्तक २०७३’ मा १६ वटा मात्र पाठहरू समावेश भएका छन् ।

७. ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा सुनाइ र बोलाइ सीप सम्बन्धी अन्यन्तै कम प्रश्नहरू छन् भने ‘भाषा पाठ्यपुस्तक २०७३’मा सुनाइ र बोलाइ सीप सम्बन्धी प्रश्नहरू अत्याधिक छन् ।

८. सीप विकासका आधारमा नमुना अभ्यासहरूको विश्लेषण गर्दा ‘नेपाली भाषा पाठ्यपुस्तक २०७३’ मा भन्दा ‘भाषा पाठ्यपुस्तक २०६४’ मा सबै भाषिक सीपमा समानुपातिक रुपमा विकास गर्ने उद्देश्य राखेर प्रश्नहरूको निर्माण गरिएको देखिन्छ ।

## ५.२ सुझावहरू

कक्षा १० को ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ र ‘भाषा पाठ्यपुस्तक २०७३’ भाषा पाठ्यपुस्तकको अध्ययन, विश्लेषण र तुलनात्मक अध्ययन प्रस्तुत शोधमा गरि सकिएको छ । दुवै भाषा पाठ्यपुस्तकमा प्रस्तुत भएका नमुना अभ्यासहरूको अध्ययन, विश्लेषण, तुलना गर्दा नयाँ ‘भाषा पाठ्यपुस्तक २०७३’ मा ‘नेपाली भाषा पाठ्यपुस्तक २०६४’ मा भन्दा स्तरीयता थपिदै गइ धेरै कुराहरूमा परिष्कृत भएको पाउन सकिन्छ । नयाँ ‘भाषा पाठ्यपुस्तक २०७३’ लाई अझ सवल, स्तरीय र परिष्कृत बनाउनका लागि विभिन्न तहमा रहेका व्यक्तित्वहरूले अझ मिहिनेत गर्नुपर्ने देखिन्छ । यहाँ नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि छुट्टाछुट्टै रुपमा सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तहका लागि

१. शब्दार्थ सूचीमा पर्यायवाची, पारिभाषिक/प्राविधिक शब्दहरू मात्र बढी नराखी अनेकार्थक, उखान टुक्का, श्रुतिसमभिन्नार्थक, विपरीतार्थक र अनुकरणात्मक शब्दहरूलाई पर्याप्त स्थान दिई भाषा पाठ्यपुस्तक निर्माण गर्नु उपयुक्त देखिन्छ ।

२. शब्दार्थ सम्बन्धी अभ्यासको समायोजन गर्दा शब्दकोशको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

३. विषयवस्तुका आधारमा बोधात्मक, प्रयोगात्मक, उच्च दक्षतामा आधारित र सिर्जनात्मक प्रश्नहरूको सन्तुलन मिलाउदा अझै उपयुक्त हुने देखिन्छ ।

४. भाषिक सीपको विकासका लागि भाषाका चार वटै सीपलाई समानुपातिक रुपमा समावेश गर्नु आवश्यक देखिन्छ ।

५. नमुना अभ्यासको समायोजन गर्दा शिक्षक भन्दा बढी विद्यार्थीहरू आफैँ जागरुक भई कार्य गर्ने खालका अभ्यास राखिदा चाहेको उपलब्धि हाँसिल हुने देखिन्छ ।

**५.२.२ अभ्यास तहका लागि**

अभ्यास तहका लागि सुझावहरू निम्नानुसार रहेका छन् :

१. शब्दार्थ सूचीमा रहेका शब्दहरूको शिक्षण गर्दा ती शब्दबाट विद्यार्थीलाई वाक्य समेत निर्माण गर्न लगाउँदा प्रभावकारी हुने देखिन्छ ।

२. विद्यार्थीहरूको रुचि, क्षमता र स्तरलाई ख्याल गर्दै विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी कक्षा शिक्षण गर्दा अझ प्रभावकारी कक्षा शिक्षण हुने देखिन्छ ।

३. शब्दार्थ शिक्षण गर्दा शब्दकोश प्रयोग गर्नु आवश्यक देखिन्छ ।

४. समय समयमा भाषाविद्द्वारा भाषा कक्षाको सुपरीवेक्षण तथा मूल्याङ्कन गराउनु आवश्यक देखिन्छ ।

५. कक्षामा शिक्षकले शिक्षण गर्दा आफू सहजकर्ताका रुपमा रही विद्यार्थीहरू बीचमा नै छलफल र अभ्यास गराउँदा उद्देश्य हासिल गर्न थप बल पुग्ने देखिन्छ ।

६. सिर्जनात्मक अभ्यासमा राखिएका नमुना अभ्यासलाई पनि बराबरी महŒवदिई क्रियाकलाप गराउँदा विद्यार्थीहरूको क्षमता विकासमा थप सहयोग पुग्ने देखिन्छ ।

**५.२.३ अनुसन्धान तहका लागि**

भावि अनुन्धान गर्ने व्यक्तिहरूका लागि शीर्षकहरू नदोहोरियून र नछुटुन् भनी निम्नानुसार सुझाव प्रस्तुत गर्न सकिन्छ :

१. पाठ्क्रम अनुरूपताको आधारमा कक्षा १० को नेपाल भाषा पाठ्यपुस्तकभित्र समाविष्ट नमुना अभ्यासको विश्लेषण

२. कक्षा १० को 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' र 'भाषा पाठ्यपुस्तक २०७३' मा समाविष्ट रुपक विधाको तुलनात्मक अध्ययन

३. कक्षा १० 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' र 'भाषा पाठ्यपुस्तक २०७३' मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन

४. कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारको अध्ययन

५. कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा रहेका व्याकरणिक कोटिहरूको अध्ययन

६. माध्यमिक तह अध्ययन गर्ने विद्यार्थीहरूले वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन

# सन्दर्भ सामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०७३), *शिक्षा सम्बन्धी आधारभूतज्ञान,* काठमाडौं : अशिष बुक हाउस प्रा.लि. ।

खनाल, पवित्रा (२०६३), *कक्षा ६ का हाम्रो नेपाली किताव र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन,* मोरङ : स्नातकोत्तर शोधपत्र, अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस ।

ठकुरी, भोजकुमारी (२०६१), *हाम्रो नेपाली किताव कक्षा ६ र सजिलो नेपाली माला कक्षा ६ को नमुना अभ्यासको तुलनात्मक अध्ययन,* मोरङ : अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस ।

ढकाल, रोमादेवी (२०७२) कक्षा ६ का *'हाम्रो नेपाली किताब' र 'नेपाली' का नमुना अभ्यासको तुलनात्मक अध्ययन,* मोरङ : अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

भण्डारी, पारसमणि र सालिकराम पौड्याल (२०७०), *सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव र महेशप्रसाद भट्ट (२०७३), *माध्यमिक शिक्षक नेपाली मार्गदर्शिका,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०६४), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, लेखक ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०७३), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, लेखक ।

रिमाल, डिल्लीराम (२०५३), *माध्यमिक तहको वर्तमान नेपाली भाषा, भाषा पाठ्यपुस्तक कक्षा (९ र १०) मा प्रयुक्त नमुना अभ्यासको अध्ययन,* कीर्तिपुर : अप्रकाशित शोधपत्र, त्रि.वि. ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा तथा साहित्य शिक्षण,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६८), *शिक्षाका आधारहरू,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

त्रिपाठी, शालिकराम (२०७३), *कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७३ मा समाविष्ट नमूना अभ्यासको तुलनात्मक अध्ययन,* कीर्तिपुरःशोधपत्र, त्रि.वि.

# विषय-सूची

| तालिका | विवरण | पृष्ठ |
|---|---|---|

## परिच्छेद एक : परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ अनुसन्धानात्मक प्रश्नहरू ४

१.५ अध्ययनको महत्व ५

१.६ अध्ययनको परिसीमा ६


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा


२.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन ७

२.२ सम्बन्धित साहित्यको पुनरवलोकन ८

२.३ पुनरवलोकनको उपादेयता १०

२.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा ११


## परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया


३.१ अध्ययनको ढाँचा र विधि १२

३.२ अध्ययनको क्षेत्र १२

३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका १२

३.४ तथ्याङ्कको सङ्कलन प्रक्रिया १२

३.५ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया १३


## परिच्छेद चार : व्याख्या तथा विश्लेषण


४.१ परिचय १४

४.२ कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) मा रहेका नमुना अभ्यासको व्याख्या २१

४.२.१ शब्दार्थको व्याख्या तथा विश्लेषण : २१

४.२.२ विधासम्बन्धी अभ्यासको व्याख्या र विश्लेषण : २३

४.२.३ व्याकरण सम्बन्धी अभ्यासको व्याख्या विश्लेषण : २६
४.२.४ भाषिक सीपसँग सम्बन्धित अभ्यासको व्याख्या तथा विश्लेषण : २९
४.३ नेपाली भाषा पाठ्यपुस्तक (२०७३) कक्षा १० मा प्रयुक्त नमुना अभ्यासको व्याख्या तथा विश्लेषण : ३२
४.३.१ शब्दार्थको व्याख्या तथा विश्लेषण : ३२
४.३.२ विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण : ३४
४.३.३ व्याकरण सम्बन्धी अभ्यासको व्याख्या विश्लेषण : ३७
४.३.४ भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण : ४०
४.४ कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन ४३
४.४.१ शब्दार्थको तुलनात्मक अध्ययन ४३
४.४.२ विधा सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन ४५
४.४.३ व्याकरण सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन ४९
४.४.४ भाषिक सीप सम्बन्धी नमुना अभ्यासको तुलनात्मक अध्ययन ५३
४.५ प्राप्ति तथा सारांश ५५
४.५.१ प्राप्ति ५५
४.५.२ सारांश ५७

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ५८
५.१.१ 'नेपाली भाषा पाठ्यपुस्तक २०६४' ५८
५.१.२ 'भाषा पाठ्यपुस्तक २०७३' ५९
५.१.३ तुलनात्मक निष्कर्ष ६०
५.२ सुझावहरू ६१
५.२.१ नीतिगत तहका लागि ६१
५.२.२ अभ्यास तहका लागि ६२
५.२.३ अनुसन्धान तहका लागि ६२
सन्दर्भ सामग्री सूची

# तालिका सूची


| तालिका | विवरण | पृष्ठ |
|---|---|---|
| १. | कठिन शब्दको अर्थको प्रस्तुतीकरण विवरण | २२ |
| २. | विधासम्बन्धी अभ्यासको प्रस्तुतिकरण विवरण | २४ |
| ३. | व्याकरण सम्बन्धी अभ्यासको विवरण | २८ |
| ४. | सीपसँगथ सम्बन्धित विवरण | ३० |
| ५. | शब्दार्थको व्याख्या विश्लेषण | ३३ |
| ६. | विधा सम्बन्धी अभ्यासको प्रस्तुतिकरण विवरण | ३५ |
| ७. | व्याकरण सम्बन्धी अभ्यासका विवरण | ३९ |
| ८. | भाषिक सीप सम्बन्धी अभ्यासको विवरण | ४१ |
| ९. | शब्दार्थको तुलनात्मक विवरण | ४३ |
| १०. | भाषिक सीप सम्बन्धी अभ्यासको तुलना | ४५ |
| ११. | तालिका नं ११ व्याकरण सम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन | ४९ |
| १२. | तालिका नं १० विधा सम्बन्धी अभ्यासको तुलनात्मक विवरण | ५३ |

# कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन


शोधकर्ता

उमा मगर

क्याम्पस रोल नं. ४९/२०७२/०७३

परीक्षा क्रमाङ्क : २१४००९८/२०७४

त्रि.वि. दर्ता नं. ६-१-११-३४३-२००८

शैक्षिक वर्ष : २०७२/०७३


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत

स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. (५९८)पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षण विभाग

शिक्षाशास्त्र सङ्काय, सुन्दरहरैँचा, मोरङ


२०७५/२०१८

# घोषणा पत्र / प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह द्वितीय बर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन शीर्षकको शोधपत्र ग्रन्थ प्रबन्ध वा प्रतिवेदन अर्को प्रयोजनको लागि कहि कतै पेश नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७५/ /

.....................................

उमा मगर

एम.एड. दोस्रो बर्ष

नेपाली भाषा शिक्षण विभाग

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली विभाग एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्न नेपाली र बान्तावा भाषाका शब्दवर्गको तुलनात्मक अध्ययन शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने कार्यमा प्रारम्भ देखि अन्त्यसम्म नियमित सुपरिवेक्षण, मार्गनिर्देशन र अमूल्य सुझाब दिनुहुने र स्वीकृती प्रदान गरी दिनुहुने विभागीय प्रमुख श्री मेघनारायण श्रेष्ठ ज्यूलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी प्रशासनिक रूपमा सहयोग गर्नुहुने क्याम्पस प्रमुख प्रेम प्रसाद भट्टराई ज्यूलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै यस विभागका सम्पूर्ण आदरणीय गुरूहरू प्रति आभार प्रकट गर्दछु । मलाई यो अध्ययनको लागि आवश्यक पर्ने सन्दर्भ सामग्रीहरू उपलब्ध गराइ सहयोग गर्नु हुने सुकुना बहुमुखी क्याम्पस पुस्तकालय परिवारलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

अध्ययनको क्रममा तथ्याङ्क एवम् सुचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने सम्पुर्ण व्यक्तिहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै अध्ययनको क्रममा अमूल्य सहयोग र सुझब दिने मरो बुबा कुमार मगर र आमा गंगा मगर लगायत मेरो परिवारको सम्पुर्ण सदस्यहरू तथा मित्रहरू प्रति पनि आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस शोधपत्रलाई कम्प्यूटर टाइप गरी विशेष सहयोग पुऱ्याउने टिना कम्प्यूटरलाई धन्यवाद दिन चाहन्छु ।

मिति : ........................ उमा मगर

# शोधसार

शोधशीर्षक : कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन

शोधार्थी : उमा मगर

शोधनिर्देशक : मेघनारायण श्रेष्ठ

विभाग/ क्याम्पस : नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखि क्याम्पस, मोरङ्

पृष्ठसङ्ख्या : ६३

शैक्षिक वर्ष : २०७३ / २०७४

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखि क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश नेपा.शि. ५९८ को पुर्तिको प्रयोजनार्थ तयार पारिएको हो । यस शोधमा निम्नलिखित समस्याहरूलाई उठाइएको छ ।

क) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा रहेका नमुना अभ्यासहरू के कस्ता छन् ?

ख) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासहरू के कस्ता छन् ?

ग) कक्षा १० का दुई भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूमा के कस्ता समानता र भिन्नता रहेका छन् ?

घ) नमुना अभ्यासहरूमा के कस्ता कमीकमजोरीहरू छन् ? र तिनको सुधारका लागि के कस्ता सुझावहरू दिन सकिन्छ ?

यी समस्यामा केन्द्रित हुँदै अनुसन्धान कार्य सम्पन्न गरिएको हो । यस अनुसन्धान निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

क) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासको विश्लेषण गर्नु ।

ख) दुवै पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षहरू केलाउनु,

ग) कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा प्रस्तुत नमुना अभ्यासका कमी कमजोरीहरू औल्याई सुधारको लागि सुझावहरू दिनु ।

प्रस्तुत अध्ययनको तथ्याङ्क संङ्कलनका लागि यस शोधकार्यमा सम्बन्धित विषयको पाठ्यक्रम, पाठ्यपुस्तक, शोधग्रन्थहरूलाई प्रयोजनमा ल्याई पुस्तकालयीय विधिको प्रयोग गरिएको छ

यस शोधपत्रको अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व र अध्ययनको परिसीमा रहेका छन् । भने अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा, सैद्धान्तिका साहित्यको पुनरवलोकन, सम्बन्धित साहित्यको पुनरवलोकन, पुनरवलोकनको उपादेयता र सैद्धान्तिक/अवधारणात्मक ढाँचा शब्दवर्गको वर्गीकरण सम्बन्धी उलेख गरिएको छ । अधयाय तीनमा अध्ययनको विधि र प्रक्रिया, अध्ययनको ढाँचा र विधि, तथ्याङ्क सङ्कलनका साधन र तरिका, तथ्याङ्क सङ्कलन प्रक्रिया तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया समेटिएको छ ।

यस शोधको अध्याय चारमा नतिजा र छलफल रहेको छ । जसमा २०६४ र २०७३ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको शब्दार्थ, विधा, व्याकरण साथै भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

अध्याय पाँचमा निष्कर्ष र सुझाबहरू प्रस्तुत गरिएको छ । जसमा नीतिगत तह, अभ्यास तह र अनुसन्धान तह गरी सुझाबहरूलाई प्रस्तुत गरिएको छ ।